# वार्षिक प्रगति प्रतिवेदन पुस्तिका

## २०८०

डिजाईनिङ्ग/सेटिङ्ग

**कृति कम्प्युटर**

**पाँचखाल न.पा.-४, काभ्रे**

सम्पर्क नं.: ०११-४९९०२०/९८४१८०१५३३

मुद्रण

प्रकाशक

आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**पाँचखाल न.पा.-४, काभ्रे**

**यस भित्र**

१. अध्यक्षको मन्तव्य
२. सचिवको प्रतिवेदन तथा नीति तथा कार्यक्रम ।
४. कोषाध्यक्षको प्रतिवेदन तथा बजेट ।
५. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
६. लेखा परीक्षण प्रतिवेदन ।

# संस्थाको संक्षिप्त परिचय

(२०८० असार मसान्तसम्मको)

| | | |
|---|---|---|
| १. | संस्थाको नाम | : आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| २. | ठेगाना | : पाँचखाल नगरपालिका वडा नं.-४, काभ्रेपलाञ्चोक |
| ३. | सेवा केन्द्र | : बनेपा र मण्डन देउपुर न.पा. |
| ४. | स्थापना | : २०६१ पौष ५ गते |
| ५. | दर्ता मिति | : २०६२ मंसिर २४ गते |
| ६. | दर्ता नं. | : २२३/१०२ |
| ७. | पान नं. | : ३०३१२२१९३ |
| ८. | दर्ता गर्ने कार्यालय | : डिभिजन सहकारी कार्यालय, भक्तपुर |
| ९. | कार्यक्षेत्र | : काभ्रेपलाञ्चोक जिल्लाभर |
| १०. | आबद्धता | : जिल्ला सहकारी संघ लि. काभ्रे, काभ्रेपलाञ्चोक जिल्ला बचत संघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कुन), स्वावलम्वन विकास केन्द्र (सि.एस.डि) |
| ११. | सहभागिता | : प्रोबेसन ब्राण्ड |
| १२. | शेयर सदस्य संख्या | : ९८०९ जना |
| १३. | बाल बचत कर्ता | : ३८८२ जना |
| १४. | ऋणी सदस्य | : १९४१ जना |
| १५. | शेयर पुँजी | : रू.९,२४,८९,१००।- |
| १६. | बचत | : रू. ६३,७३,०६,७५२।- |
| १७. | ऋण लगानी | : रू. ८२,०८,३५,२४७।- |
| १८. | कोषहरू | : रू. ९,३४,२८,१९९।- |
| १९. | वासलात | : रू. ९८,०५,७९,११५।- |
| २०. | स्थिर सम्पत्ति | : १ रोपनी जग्गामा निर्मित कार्यालय भवन |
| २१. | सञ्चालक समिति | : १६ जना (महिला: ६, पुरुष: १०) |
| २२. | लेखा समिति | : ३ जना (महिला: १, पुरुष: २) |
| २३. | कर्मचारी संख्या | : २८ जना (महिला १२, पुरुष १६) |

# आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि.

पाँचखाल नगरपालिका-४, काभ्रेपलाञ्चोक

को

# सत्रौं वार्षिक साधारण सभा

## उद्‌घाटन कार्यक्रम:

- नाम दर्ता
- आसन ग्रहण
- स्वागत मन्तव्य
- व्याच वितरण
- प्रमुख अतिथिबाट समुद्‌घाटन
- राष्ट्रिय गान
- सचिवको प्रगति प्रतिवेदन प्रस्तुति
- कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुति
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्तुति
- अतिथिहरूबाट शुभकामना मन्तव्य
- बधाई, सम्मान तथा पुरस्कार वितरण
- प्रमुख अतिथिको मन्तव्य
- सभाध्यक्षको मन्तव्य र पहिलो सत्र विसर्जन

## बन्द सत्र कार्यक्रम:

- आसन ग्रहण
- सचिवको प्रतिवेदनउपर छलफल तथा अनुमोदन
- कोषाध्यक्षको प्रतिवेदनउपर छलफल तथा अनुमोदन
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनमाथि छलफल तथा अनुमोदन
- लेखा परीक्षण प्रतिवेदनमाथि छलफल तथा अनुमोदन
- आ.ब. ०८०/८१ को लागि कार्यक्रम तथा अनुमानित बजेटमाथी छलफल तथा अनुमोदन
- निति कार्यविधिहरू संसोधन तथा पारित सम्बन्धमा ।
- सहकारी कसंस्था एकीकरण सम्बन्धमा ।
- आ.ब. ०८०/ ८१ का लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- धन्यवाद ज्ञापन
- सभाध्यक्षबाट सभा विसर्जन

डि.स.का.द.नं. २२३/१०२

पान नं. ३०३१२२१४३

नेफ्स्कुन

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

# आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि.

Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

प.स.:०८०/०८१ मिति : २०८० /०४/३०

च.नं.:०८२

श्री..............................................................ज्यू ,

सदस्यता नं.: .......................ठेगाना :..........................

उपस्थिती केन्द्र :............................उपस्थिती मिति :...........................

**विषय : १७ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा यस सहकारी संस्थाको संचालक समितिको मिति २०८० श्रावण २७ गते बसेकों बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित कार्यसुचिहरु माथी छलफल गरि निर्णय लिन निम्न मिति, समय र स्थानहरुमा संस्थाको १७ औं वार्षिक साधारण सभा सम्पन्न हुन गईरहेकाले देहाय बमोजीमका उपस्थिति केन्द्रमा यहाँको अनिवार्य उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

साधारण सभामा छलफल हुने कार्यसुचिहरु

१. सचिवद्वारा प्रस्तुत हने आव २०७९/०८० को प्रगती प्रतिवेदन, तथा आ.व.०८०/८१ को लागि प्रस्तावित कार्यक्रम सम्बन्धमा।
२. कोषाध्यक्षद्वारा प्रस्तुत हुने आव २०७९/०८०को आर्थिक प्रतिवेदन तथा आ.व. ०८०/८१ बजेट सम्बन्धमा ।
३. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. २०८०/८१ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६. शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।
७. संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
८. अन्य सहकारी संस्थाहरुसंग एकिकरण सम्बन्धमा ।
९. संस्थाको आन्तरिक कार्यविधिहरु पारित सम्बन्धमा ।
१०. सदस्यहरुबाट प्राप्त सुझाव सम्बन्धमा ।
११. साधारण सभाका निर्णयहरु प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२. सञ्चालक तथा लेखासुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।

| क्र.सं | उपस्थिति केन्द्र | उपस्थिति स्थान | मिति | समय | उपस्थित हुने सदस्यहरु |
|---|---|---|---|---|---|
| १ | कुन्ता | कुन्ता जिम हल (संस्थाको सेवा केन्द्र संगै) | २०८० भदौ २९ गते | विहान ८.०० बजेदेखि वेलुका ४.०० बजे सम्म | कुन्ता सेवाकेन्द्रका सम्पूर्ण सदस्यहरु |
| २ | बनेपा | अरनिको पार्टि प्यालेस | २०८० भदौ ३० गते | विहान ८.०० बजेदेखि वेलुका ४.०० बजे सम्म | बनेपा सेवाकेन्द्रका सम्पूर्ण सदस्यहरु |
| ३ | पाँचखाल | जय श्री कृष्ण पार्टि प्यालेस | २०८० असौज ०३ गते | विहान ८.०० बजेदेखि वेलुका ४.०० बजे सम्म | पाँचखाल मुख्य कार्यालयका सम्पूर्ण सदस्यहरु |

**निर्वाचन कार्यक्रम :**

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०८०/०५/२४ (मुख्य कार्यालय) | १०:०० बजे |
| २. | छुट नाम दर्ता सच्चाउने वा हटाउने | २०८०/०५/२४ (मुख्य कार्यालय) | १०:००-२:०० बजेसम्म |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०८०/०५/२४ (मुख्य कार्यालय) | ३:०० बजे |
| ४. | उम्मेदवारी दर्ता | २०८०/०५/२५ (मुख्य कार्यालय) | ११:००-२:०० बजेसम्म |
| ५. | उम्मेदवारहरुको नामावली प्रकाशन | २०८०/०५/२५ (मुख्य कार्यालय) | ३:०० बजे |
| ६. | उम्मेदवारी उपर दावी विरोध | २०८०/०५/२५ (मुख्य कार्यालय) | ३:००-५:०० बजेसम्म |
| ७. | दावी विरोध माथि छानविन र नामावली प्रकाशन | २०८०/०५/२६ (मुख्य कार्यालय) | १०:००-१:०० बजेसम्म |
| ८. | उम्मेद्वारी फिर्ता | २०८०/०५/२६ (मुख्य कार्यालय) | १:००-५:०० बजेसम्म |
| ९. | उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन | २०८०/०५/२६ (मुख्य कार्यालय) | ५:०० बजे |
| १०. | मतदान कार्यक्रम | २०८०/०५/२९ गतेदेखि तोकिएको सम्बन्धित एकाईमा तोकिएको साधारण सभा भएको दिन । | १०:००-५:०० बजेसम्म |
| ११. | मत पेटिका संकलन र संग्रह | हरेक एकाईको मतदान सम्पन्न भएपश्चात | |
| १२ | मत गणना | सबै केन्द्रका मतपेटिका संकलन र संग्रह पश्चात | |
| १३. | मत परिणाम घोषणा | मतगणना सम्पन्न भएपश्चात | |
| १४ | सपथ ग्रहण तथा प्रमाण पत्र वितरण | निर्वाचन परिणाम घोषणा पश्चात | |

संस्थाको विनियम अनुसार अध्यक्ष-१, उपाध्यक्ष २ (महिला-१ पुरुष-१), सचिव-१, कोषध्यक्ष -१ र सञ्चालक सदस्यहरु (३३ प्रतिशत महिला आरक्षण सहित)-८ गरि जम्मा १३ जना सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका संयोजक - १ र सदस्यहरु - २ जना गरि जम्मा ३ जना लेखा सुपरिवेक्षण समितिको निर्वाचनको लागी संसोधित निर्वाचन आन्तरिक कार्यविधि २०७९ को विधि नं.११ बमोजीम निर्वाचनमा उमेद्वार हुन चाहने सदस्यहरुको निम्नअनुसार योग्यता निर्धारण गरिएको छ ।

**उम्मेदवारहरुको योग्यता :**

**१. उम्मेदारहरूको लागि निर्धारित आधारभुत योग्यता:**

क) संस्थाको शेयर सदस्य भएको ।

ख) संस्थाको सञ्चालक समितिको लागि सदस्य बनेको ३ वर्ष अवधि पुरा भएको वा कुनै समिति वा उपसमितिमा रहेर कम्तिमा एक कार्यकाल कार्य गरेको ।

ग) कुनै बैंक तथा वित्तिय संस्था र प्रारम्भिक सहकारी संस्थाको ऋणको भाखा ननाघेको वा कालो सुचीमा नपरेको।

घ) साकोस व्यवस्थापन सम्बन्धि कुनै तालिममा भाग लिएको ।

ङ) साकोसको वृद्धि तथा विकासमा सक्रिय रुपमा सहभागी रहेको ।

च) उम्मेदवारी प्रस्तुत गर्ने सदस्यको निर्वाचन कार्यक्रम सुरु हुनु पुर्व वा तोकिएको समय भित्र कम्तिमा २५० कित्ता शेयर खरीद गरेको ।

छ) सदस्यले निर्वाचन कार्यक्रम सूरु हुनु पुर्व वा निर्धारित समय भित्र नियमित रुपमा नियमानुसारको मासिक बचत तथा आर्थिक विकास मित्र सदस्य राहत कार्यक्रममा सहभागी भएको ।

ज) कुनै फौजदारी अभियोग नलागेको ।

झ) मानसिक सन्तुलन ठीक भएको तथा कुनै व्यवसायमा टाट नपल्टेको ।

ञ) समान प्रकृतिको कार्य गर्ने संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिको सदस्य तथा कर्मचारी नरहेको ।

ट) संस्थामा ठेक्का पट्टा, सामान आपुर्ति र कुनै व्यवसायिक सम्झौता गरी व्यक्तिगत नाफामुखी व्यवसाय मार्फत संस्थासंग संलग्न नरहेको ।

ठ) संस्थाको क्रियाकलापमा समय दिन र आफ्नो दायित्व पुरा गर्न सक्छु भनी स्व-घोषण पत्रमा हस्ताक्षर गरेको।

ड) संस्थाको सम्पत्ति हिनामिना गरी बेरुजु नभएको ।

(ढ) राज्यकोषबाट सुविधा लिने कुनै पनि तहको जनप्रतिनिधि वा कर्मचारी नभएको हुनु पर्ने ।

(ण) प्रचलित कानून तथा संस्थाको विनियम बमोजिम अयोग्य नठहरिएको ।

**२. अध्यक्षको लागि योग्यता :**

बुँदा नं. १ मा उल्लेखित योग्यता बाहेक अध्यक्ष पदकोलागी थप निम्नअनुसार योग्यता तय गरिएको छ ।

संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा लेखा सुपरिवेक्षण समितिको संयोजक मध्ये कुनै पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको वा संस्थाको सदस्यता लिएको कम्तिमा १० वर्ष पुरा गरेको वा कुनै पनि बैंक तथा वित्तिय संस्था एवं सहकारी संस्थाको अधिकृत स्तरको कर्मचारी कम्तिमा ५ वर्ष सेवा अवधि पुरा गरि निवृत्त भएको।

**३. उपाध्यक्ष, सचिव, कोषाध्यक्षको लागी योग्यता :**

बुँदा नं. १ मा उल्लेखित योग्यता बाहेक उपाध्यक्ष, सचिव, कोषाध्यक्ष पदको लागी थप निम्नअनुसार योग्यता तय गरिएको छ ।

संस्थाको सञ्चालक समितिको सदस्य वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको वा संस्थाको सदस्यता लिएको कम्तिमा ६ वर्ष पुरा भएमा वा कुनै पनि बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाको अधिकृत स्तरको कर्मचारी कम्तिमा २ वर्ष सेवा अवधि पुरा गरी निवृत्त भएको।

**४. लेखा सुपरिवेक्षण समितिको योग्यता :**

बुँदा नं.१ मा उल्लेखित योग्यता बाहेक लेखा सुपरिवेक्षण समिति संयोजक पदको लागी थप निम्नअनुसार योग्यता तय गरिएको छ ।

संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको सदस्य पदमा रही कम्तिमा १ कार्यकाल पुरा गरेको वा संस्थाको सदस्यता लिएको कम्तिमा वर्ष पुरा भएको वा कुनै पनि  बैंक तथा वित्तीय संस्था एवं सहकारी संस्थाको अधिकृतस्तरको कर्मचारी कम्तिमा २ वर्ष सेवा अवधि पुरा गरी  निवृत्त भएको।

**५. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको सदस्य पदको लागि योग्यता :**

बुँदा नं. १ मा उल्लेखित योग्यता भए पुग्ने छ ।

**पुनश्चः**

१. सभामा उपस्थित हुँदा सदस्यहरुले संस्थाको अनिवार्य रुपमा परिचय पत्र वा परिचय पत्र नभएमा परिचय खुल्ने कागजजात (संस्थाले पठाएको पत्र वा पासबुक) लिएर आउनु हुन अनुरोध गरिन्छ । परिचय पत्र प्राप्त नभएका सदस्यहरुले सम्बन्धित कार्यालयमा सम्पर्क राखि परिचय पत्र लिन सक्नुहुने छ ।

२. सभामा उपस्थित हुने शेयर सदस्यहरुको विहान ८ बजेदेखि बेलुक ४:०० बजेसम्म मात्र नाम दर्ता गरिनेछ ।

३. नियमित बचत नियमित नभएका सदस्यहरुले साधारण सभा अगावै नियमित बचत जम्मा गरिदिनुहुन अनुरोध गरिन्छ ।

४. सभामा स्वयम् उपस्थित हुने शेयर सदस्यहरुलाई मात्र यातायात र खाजा खर्च रु.३००।- मा कर कट्टि गरि रु.२५५।- नगद उपलब्ध गराईने छ । तर ३ महिना भन्दा बढि नियमित बचत गर्न बाँकि र ऋणको भाखा नाघेका सदस्यहरुलाई  यातायात र  खाजा खर्च उपलब्ध गराईने छैन ।

५. साधारण सभा उपस्थिति स्थलमा नै बार्षिक प्रतिवेदनहरु उपलब्ध गराईने छ । अग्रिम अध्ययन गर्न चाहानु हुने शेयर सदस्यहरुले संस्थाको वेवसाईट **arthiksaccos.org.np** र संस्थाको अफिसियल फेसबुक पेज **facebook.com/arthikbikash** मा राखिने भएको हुँदा उक्त प्रतिवेदन अध्ययन गरि साधारण सभामा छलफल हुने बिषयहरु र संस्थासंग सम्बन्धित आवश्यक सुझाव सल्लाह भएमा उपस्थित भएको दिन वा मिति २०८० असोज ०३ गते सम्म लिखित रुपमा सेवा केन्द्र तथा मुख्य कार्यालहरुमा पेश गर्नु हुन अनुरोध गरिन्छ ।

भवदीय

नारायण ढुंगाना
सचिव

**आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि.** को

## असल सदस्य बन्न चाहनुहुन्छ ?

*चाहनुहुन्छ भने.....*

१. तपाईंको नियमित बचत छुटिरहेको छ कि ?

२. तपाईंले लिनु भएको ऋणको किस्ताको भाखा नाघ्न आँट्यो कि ?

३. तपाईंको बचत र शेयरको अनुपात मिलेको छैन कि ?

४. संस्थामा दिनुपर्ने कागजात छुटिरहेको छ कि ?

५. संस्था नियमित आउन भ्याउनु भएको छैन कि ?

६. संस्थाबाट तपाईंको कार्यमा ढिला सुस्ति भएको छ कि ?

७. संस्था कसरी चल्दै छ ? जानकारी राख्न भुल्नुभयो कि ?

८. कुनै सदस्य, समिति वा कर्मचारीबाट संस्थालाई हानी नोक्सानी पुऱ्याउने काम भएको देख्नु भएको छ कि ?

९. संस्थाका कर्मचारीहरूबाट असहयोग भएको छ कि ?

१०. तपाईंले आफ्नो कर्तव्यलाई बिर्सेर अधिकारलाई मात्र प्राथमिकता दिनु भएको छ कि ?

११. संस्थाबाट स्थापित सदस्य राहत कोष तथा अन्य कोषहरूमा तपाईंको योगदान छुटेको छ कि ?

१२. तपाईंले संस्थाबाट लिनु भएको ऋण सदुपयोग गर्नु भएको छैन कि ?

१३. संस्थाले प्रदान गर्ने सुविधा लिन छुट्नु भएको कि ?

१४. संस्थाको साथी बनाउ भन्ने कार्यक्रममा सहभागी भई साथी बनाउन छुट्नु भयो कि ?

*(उत्कृष्ट दीगो व्यवसायिक सहकारी हाम्रो - सकारात्मक सुझाव पठाउँ राम्रो )*



# अध्यक्षको मन्तव्य

***- सरोज सापकोटा***, *अध्यक्ष*

यस संस्थाको सत्रौँ बार्षिक साधारण सभामा प्रमुख आतिथ्यता गरिरहनुभएका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, अतिथिज्यूहरू, सल्लाहकार ज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्य ज्यूहरू विभिन्न उप-समितिमा रहेर आफ्नो भूमिका निर्वाह गर्नुहुने मित्रहरू, सञ्चालक समितिका सहकर्मी साथीहरु एवं सम्पूर्ण शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, सम्मानित एवं पुरस्कृत हुनुहुने व्यक्तित्वहरू, सम्पूर्ण कर्मचारी परिवार र आमन्त्रित सम्पूर्ण महानुभावहरूमा मेरो व्यक्तिगत तर्फबाट र संस्थाको तर्फबाट हार्दिक स्वागत एवं न्यानो सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

जनसमुदायको आर्थिक तथा सामाजिक विकासका लागि सहकारी भन्ने मूल मर्मका साथ सुरू गरिएको आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कैयौँ आरोह अवरोहहरू पार गर्दै आजसम्म आईपुग्दा सुरक्षित, दीगो र भरपर्दो कारोबार मार्फत सदस्यहरूको आर्थिक एवं सामाजिक अवस्थामा परिवर्तन ल्याई स्वाबलम्बी बनाउने उद्देश्यकासाथ म र मेरोभन्दा पनि हामी र हाम्रो भन्ने सामुहिक भावनाको विकास गराउने, सहकारी नीति, नियमभित्र रही सदस्यहरूलाई आवश्यकताअनुसारका वित्तीय सेवाहरू सरल र सहज रूपमा प्रदान गर्न निरन्तर क्रियाशील रही रहेको छ ।

संस्था सञ्चालन निरन्तर प्रक्रिया हो तापनि संस्था सञ्चालन प्रक्रियामा आइपरेका कैयौँ उल्झनहरूलाई पन्छाउँदै गरेका र गर्नु परेका संघर्षलाई मनन गर्दै सहकारी सञ्चालनका असल नीति, नियम, विचार र व्यवहार आदि कुराहरूको अनुसरण गर्दै यस साधारण सभासम्म आइपुग्दा संस्थामा सदस्य सहभागिता आर्थिक कारोवार, अभियानमा नेतृत्व र सामुदायिक गतिविधिमा संलग्नताका आधारमा काभ्रेपलाञ्चोक जिल्लाको अग्रणी सहकारी संस्थाको रूपमा स्थापित भएको बिदितै छ ।

विगत लामो समयदेखि नै काभ्रेपलाञ्चोक जिल्लामा सक्षम र सवल वित्तीय सहकारी संस्थाको आवश्यकता महसुस गरी आएको हो । त्यसै अनूरूप सदस्यहरूको चाहना र आवश्यकताअनुसार बचत र ऋणको कारोवार गर्न आफ्नै प्रत्यक्ष संलग्नतामा सक्षम र प्रतिस्पर्धी संस्था बनाउन सुरू गरिएको छ । यस सन्दर्भमा हामीले विगत ४ बर्ष अघि सम्पन्न गरेको आर्थिक विकास साकोस र मित्र साकोस बीच भएको एकीकरणको अभियानले सार्थकता पाएको अनूभुति हामी सबै सदस्यहरूलाई भईरहेको छ ।

यति हुँदाहुँदै पनि आगामी दिनहरूमा संस्थाले अझ बढी मिहेनत गर्नु पर्ने विषयमा दुई मत रहन सक्दैन । अन्तराष्ट्रिय ब्राण्ड प्राप्त गर्ने संस्थाहरूको बिचमा राष्ट्रिय स्तरको ब्राण्ड लिने कार्यमा संस्थाको प्रयास विगतदेखि रहँदै आएकोमा चालु आर्थिक बर्ष अझ जीवन्त रूपमा निरन्तरता दिईने छ ।

विश्व परिवेश र नेपालमा समेत आएका राजनितिक, आर्थिक र प्राकृतिक घटनाहरुले सबैजसो व्यक्ति र संस्थाहरु आर्थिक मन्दीको चपेटामा परिरहेको वर्तमान समयमा हाम्रो संस्था पनि प्रभावित भयो । यसको परिणाम स्वरूप कति सदस्यहरूको रोजगारी गुम्यो, व्यवसाय धराशायी भए, पर्यटन र यातायात क्षेत्र संकटमा परे जसले गर्दा सदस्यहरूको आर्थिक गतिबिधिहरू प्राय: शून्य हुँदा कति सदस्यहरूले व्यवसाय परिवर्तन गर्नुपर्ने अवस्था भयो भने कतिले रोजगारी गुमाउन पुगे । हरेक क्षेत्रमा यसको प्रभाव पऱ्यो जसले गर्दा संस्थाले गत वर्ष लिएका लक्ष्य तथा योजना पुरा हुन सकेनन् । वर्षका सुरू र अन्त्यतिर समस्या ज्युँका त्युँ रहेकाले सदस्य बृद्धि, बचत बृद्धि, ऋण लगानी , असुली, तालिम गोष्ठी वा सामाजिक क्रियालाप लगायत संस्थाको समग्र जीवनमा असर पारेको कारण निर्धारित लक्ष्य हासिल गर्न नसकेता पनि जटिल परिस्थितिमा संस्थाको कारोवारको, संस्थाले सदस्यहरूलाई प्रदान गरेको सेवाका कारण सदस्यहरूको अगाध माया र विश्वासले संस्थाको बृद्धि विकास भएको तथ्याङ्कले देखाएकै छ ।

संस्थामा २०८० असार मसान्तसम्म आइपुग्दा ९८०९ जना सदस्यहरूबाट रू. ९,२४,८९,१००।- शेयर पुँजी रू. ६३,७३,०६,७५२।- बचत संकलन र १९४१ जना ऋणी सदस्यहरूमा रू.८२,०८,३५,२४७।०६ ऋण परिचालन गरी कुल कारोबार ९८ करोड ४ लाख ७७ हजार ७ सय १८।- रहेको छ । जगेडा कोषमा रू.७,६५,४३,४८१।- र अन्य कोषमा रू. १,६८,८४,७१८।- गरी कोषमा जम्मा रू. ९,३४,२८,१९९।-रकम जम्मा भएको

छ । यस अवधिमा संस्थाको स्वामित्वमा रहेको ०-१५-२-२ जग्गामा कार्यालय भवन निर्माण गरी कार्यालय सञ्चालन हुँदै आएको छ भने बनेपा र मण्डन देउपुर नगरपालिकामा सेवाकेन्द्रमार्फत् सदस्यहरूसँग कारोवार सञ्चालन गरिएको समेत अवगत गराउन चाहन्छु ।

एउटा गतिशील बचत तथा ऋण सहकारी संस्था भएको नाताले समाजको प्रतिनिधित्व गर्दै समुदाय तथा सदस्यहरूका हितका लागि सन्तोष जनक आर्थिक कारोवार गरिरहेको छ भने सामाजिक, सेवामूलक र साँस्कृतिक कार्यक्रम पनि गर्दै आईरहेको छ । सदस्य हित कार्यक्रम अन्तर्गत सदस्यहरूको पशुधन र कृषि बालीमा हुन सक्ने सम्भावित क्षतिलाई परिपूर्ति गर्न पशु विमा र बाली विमाको कार्यक्रम सञ्चालन गरिएको छ ।

संस्थाले प्रदान गर्ने सेवा सुविधालाई अझ प्रतिस्पर्धी, गुणस्तरीय र उच्च बनाई प्रमाणीकरण गर्न नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को अगुवाइमा सञ्चालित पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (Programme for Building absolute and professionalization) ब्राण्डमा सहभागिता जनाएको छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण शेयर सदस्यहरूमा हार्दिक अपिल गर्दछौ । संस्थाको तर्फबाट यसका लागि ३ वर्षे रणनैतिक योजना निर्माण गरी कार्यान्वयन गरिएको छ ।

आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्थाले साकोस अभियानमा काभ्रेपलाञ्चोक जिल्लाकै अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । गतिशील संस्था हुनुको नाताले **"Small is Beutiful Large is Strong"** को मर्मअनुरूप विषय प्रकृति मिल्ने र मिलाउन चाहने संस्थाहरू बिच एकीकरणको अभियानलाई पनि उच्च प्राथमिकतामा राखी विभिन्न साकोसहरूसंग छलफल गर्ने कार्य भई रहेको छ । यस प्रयासले सदस्यहरूको सेवाका निमित्त सहकारीको आकार वृद्धिका साथै आन्तरिक रूपमा दरिलो भई ठूलो पुँजीमा चलेका बैंक वित्तीय संस्थाहरूसँग प्रतिस्पर्धा गर्न सक्ने आशा र अपेक्षा गरिएको छ । विश्वासिलो, दरिलो र प्रतिस्पर्धी सामुदायिक सहकारी संस्था निर्माणको लागि उस्तै अन्य संस्थाहरूसँग पनि एकीकरण गर्नका लागि आह्वान गर्दछौं, गरिरहेका छौं र गरी रहन्छौं ।

संस्थाको आर्थिक कारोबारलाई प्रविधि मैत्री तथा नगदरहित अभौतिक कारोवार मार्फत अघि बढ्नु पर्ने आवश्यकता महसुस गरी संस्थाले आफ्नै एप्स सञ्चालनमा ल्याएको

छ भने क्यूआर कोडको माध्यमबाट आफ्ना सेवालाई व्यवस्थित गर्दै आईरहेको जानकारी गराउन चाहन्छु ।

संस्थालाई सबल बनाउन निरन्तर रुपमा सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरू, लेखा समितिका संयोजक तथा सदस्यहरूको तदारुकता र लगनशीलताको प्रसंशा गर्न चाहन्छु । सदस्यता वृद्धि, पुँजी निर्माण, अन्य सेवा प्रवाह वा प्रविधि र पहुँचका कुरालाई समय सापेक्ष र व्यवहारिक बनाउनका लागि नेपाल सरकारका नियामक निकाय, सहकारी विभाग, नेफ्स्कुन, जिल्ला र पालिका स्तरमा भएका सञ्जालहरू र अन्य नियमनकारी निकायको अनुगमन, सुझाव र सल्लाह पनि निरन्तर जारी छ । संस्थालाई गतिशील बनाउन निरन्तर कार्य सम्पादन गर्ने कार्यालय व्यवस्थापन, जस्तो सुकै चुनौतिका समयमा पनि साथमा साथ दिने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिका साथीहरूको मेहनत र सम्पूर्ण सदस्य, विभिन्न संघसंस्था शुभ चिन्तकहरूको सुझाव, सल्लाहले संस्थालाई यो अवस्थामा ल्याउन सफल भएकोमा सबैप्रति धन्यवाद ज्ञापन गर्दछु । साथै संस्थाको तर्फबाट प्रस्तुत हुने प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदनहरू माथि गहन छलफल गरी सकारात्मक सुझावसहित पारित गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नुभएका प्रमुख अतिथि ज्यू, विशेष अतिथि ज्यू, एवं अतिथिज्यूहरूबाट यो कार्यक्रममा आफ्नो अमूल्य मन्तव्यमार्फत हामीलाई मार्ग निर्देशन दिनुभई सहयोग गर्नुहुने विभिन्न नियमक निकाय, सहकारी संघसंस्था र अन्य सहयोगी संघसंस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

धन्यवाद !

*जय बचत ! जय सहकारी ! जय आर्थिक विकास ।*



# सचिवको वार्षिक प्रगति प्रतिवेदन

***- नारायणप्रसाद ढुङ्गाना सचिव***

आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सत्रौं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, संस्थाको आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, पत्रकार मित्रहरू, सल्लाहकार ज्यूहरू, अतिथिज्यूहरू, संस्थाका पदाधिकारी एवं सहकर्मी मित्रहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा पदाधिकारी अन्य उप समितिका मित्रहरू, संस्थामा कार्यरत कर्मचारी मित्रहरू, संस्थाका सम्पूर्ण शेयर सदस्य ज्यूहरू र कार्यक्रममा उपस्थित शुभ चिन्तक ज्यूहरूमा आर्थिक विकास मित्र साकोसको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारीमय अभिवादन व्यक्त गर्दछु ।

सहकारी एउटा मौलिक आर्थिक, सामाजिक तथा सांस्कृतिक अभियान हो, जसले आवद्ध व्यक्तिहरूलाई गोलबद्ध गराउने, सशक्तीकरण गर्ने, व्यवसायिक बनाउने, समुदाय केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने र न्यायपूर्ण समाज निर्माणमा अहं भुमिका खेल्ने गर्दछ । यस सहकारी संस्थाले पनि हालसम्म आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा जे जति कार्य गऱ्यो त्यसै अनुभवका आधारमा प्राप्त उपलब्धीहरूको रक्षा गर्दै सदस्यहरूलाई थप उद्यमशील बनाउने, कर्मचारीहरूलाई अझ क्षमतावान बनाउने, संस्थाको गतिविधिहरूलाई प्रतिस्पर्धी, सदस्य केन्द्रित र प्रतिफलमुखी बनाउने नीति, विधि र प्रविधिमा विशेष ध्यान दिँदै आएको छ । त्यस्तै सदस्यहरूको सहकार्यमा वडा र टोलस्तरमा समेत सहकारीको सञ्जाल निर्माण गरी सेवा विस्तार गर्ने नीति अवलम्वन गरिएको छ ।

समुदायमा आधारित उत्कृष्ट दीगो व्यावसायिक साकोस बनाउने हाम्रो परिकल्पना बमोजिम हामी जस्ता अरू सहकारी संस्थाहरूलाई पनि गोलबद्ध गरी समुदायको पहिलो रोजाइको सहकारी संस्था बनाउन सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधिहरू निरन्तर रूपमा अगाडि बढी रहेका छन । यसका लागि विगतको सिकाइ र सफलतालाई आत्मसाथ गर्दै भावी गन्तव्य सुनिश्चित गर्न जरूरी छ ।

सदस्यहरूको जन्मदेखि मृत्युसम्म सहकारी संस्था साथमा हुनु पर्दछ भन्ने उद्देश्यबाट प्रेरित भई जस्तोसुकै विषम परिस्थितिमा पनि सदस्यहरूको साथमा रहेर सदस्यहरुकै सेवामा निरन्तर लागिरहेको संस्थाको विशेषता नै बनेको छ । हाल देशमा वित्तीय सङकट रहेको छ आर्थिक गतिविधिहरू त्यति चलायमान् हुन सकेका छैनन् । परिस्थिति विषम र जटिल अवस्थामा छ त्यसैको परिणाम धेरै सहकारी संस्थाहरूमा जटिलता पैदा भएकै कारण सदस्यले राखेको बचत जोखिममा परेको छ । यस्तो अवस्थामा समेत सदस्यहरूको भरोसा र विश्वासमा कमि नभएकै कारण संस्थाले आफ्ना गतिविधिहरू नियमित र सहजताका साथ सञ्चालन गर्दै आईरहेको छ । आजको युग डिजिटलको युग भएकोले नवीनतम प्रविधिको प्रयोग गर्ने क्रममा नगदरहित कारोबार (Cash Less Banking) र (Paper Less office) बनाई प्रतिस्पर्धी सेवा प्रदान गर्ने तर्फ संस्था लागिरहेको छ । यसको फलस्वरूप हाल ऋणका सबै कागजपत्रहरू डिजिटलाईजेसन गरिसकिएको छ । सदस्यहरूको चाहना बमोजिम संस्था सञ्चालन गर्ने कार्यमा सदस्यको विश्वासलाई अझै प्रगाढ बनाउँदै अघि बढ्ने कार्यमा संस्था कहीँ कतै नचुक्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

***आदरणीय शेयर सदस्य महानुभवहरू,***

आ.ब. २०७९/०८० मा देखिएको आर्थिक सङ्कटले केही असहजता झेल्नु परेको भएता पनि बिगतका साधारण सभाले दिएका निर्देशन र गरेका निर्णयका आधारमा कार्यहरू सम्पन्न भएको र सहजताका साथ संस्थाले आफ्नो गति निरन्तर अघि बढाईरहेको छ । यस सम्बन्धमा संस्थाको प्रगति प्रतिवेदन, सञ्चालक समितिले गरेका महत्वपूर्ण निर्णयहरू र आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १) शेयर सदस्यताको अवस्था :

संस्थाको सबैभन्दा ठुलो सम्पत्ति भनेकै सदस्यहरू हुनुहुन्छ । यो संस्थाप्रतिको विश्वासका कारण गत वर्ष सम्म ९३५८ सदस्य हुनु भएकोमा यस वर्ष ४५१ जना सदस्य थप भई ९८०९ जना सदस्य पुगेका छौं । जुन लक्ष्यअनुसार १३% मात्र सफलता प्राप्त भएको छ भने वाल बचत कर्ताहरू ३८८२ (बालक २०३७ र बालीका १८४५) जना कायम हुन पुगेका छन् ।

संस्थामा सदस्यहरु ९८०९ (महिला : ५२२८ पुरूष : ४५८१) र ऋणीहरू १९४१ ( महिला ८८७ पुरुष १०५४) जना रहनु भएको समेत जानकारी गराउन चाहन्छु ।

## २) पत्र दर्ता तथा चलानीको अवस्था :

- यस वर्ष ४१८ वटा पत्रहरू दर्ता भएका छन् ।
- ६६० वटा पत्र चलानी गरिएका छन् ।

## ३) सञ्चालक तथा उपसमितिहरूको बैठकको अवस्था :

संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उप-समितिहरूका बैठक निम्नअनुसार बसेको छ ।

| | | | |
|---|---|---|---|
| सञ्चालक समिति | - ९ | संयुक्त बैठक | - ५ |
| ऋण उप-समिति | - १३ | स्वास्थ्य उप-समिति | - १ |
| लेखा सुपरिवेक्षण समिति | - ६ | अर्धबार्षिक समीक्षा | - १ |
| शिक्षा उप-समिति | - १ | व्यवशाय प्रवर्द्धन उप-समिति | - १ |
| पदपूर्ति उपसमिति | - १ | बजेट मस्यौदा उपसमिति | - १ |
| कार्ययोजना निर्माण उपसमिति | - १ | | |

यसरी विभिन्न मितिमा सञ्चालक समितिको नियमित र आवश्यकताअनुसारका बैठकहरू बसी महत्त्वपूर्ण निर्णयहरू गरी कार्यान्वयन समेत भैसकेका छन् । साथै, सञ्चालक समितिको बैठक प्रत्येक महिनाको ७ गते बस्ने व्यवस्था मिलाइएको छ ।

## ४) बैठकका निर्णय र कार्यान्वयनको अवस्था :

आ.व.२०७९/८० मा सञ्चालक समिति, संयुक्त र अर्धवार्षिक समीक्षा गरी १५ वटा बैठक बसी १०४ वटा निर्णय र उपसमितिका बैठकबाट भएका निर्णयहरू पूर्ण रुपमा कार्यान्वयन भएको छ ।

## ५) प्रतिनिधित्व तथा सहभागिताको अवस्था :

| क्र.सं | मिति | कार्यक्रम विवरण | आयोजक संस्था | ठेगाना | सहभागी | पद |
|---|---|---|---|---|---|---|
| १ | श्रावण २३-२४, २०७९ | साझेदारी सहकारी संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम | RMDC | पोखरा | सरोज सापकोटा ठाकुरनाथ अधिकारी | अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत |
| २ | श्रावण ३२, २०७९ | स्थापना दिवस | नेफ्स्कुन | काठमाडौ | ठाकुरनाथ अधिकारी | अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत |
| ३ | भाद्र १७ २०७९ | बैकिंङ कसुर तथा साइबर अपराध | सिन्धु बिकास बैंक | बनेपा | ठाकुरनाथ अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| ४ | असोज २, २०७९ | साधारण सभा | स्वेच्छा बचत तथा ऋण | पाँचखाल ४ | राजन कार्की | कोषाध्यक्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | असोज ७, २०७९ | साधारण सभा | बिन्धवासिनी बचत तथा ऋण | पाँचखाल ४ | अप्सरा सिपखान | सञ्चालक सदस्य |
| ६ | कार्तिक ५, २०७९ | साधारण सभा | प्रगतिशील बहुउद्देश्य सहकारी | पँचखाल ४ | सरोज सापकोटा | अध्यक्ष |
| ७ | मंसिर १९, २०७९ | विस्तारित मञ्च कार्यक्रम | नेफ्स्कुन | काठमाण्डौ | ठाकुरनाथ अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| ८ | पौष ८, २०७९ | ३१ औं साधारण सभा | नेफ्स्कुन | काठमाण्डौ | दामोदर दुलाल | सञ्चालक सदस्य |
| ९ | पौष २, २०७९ | दोस्रो वार्षिक साधारण सभा | प्रोस्कून | काठमाण्डौ | राजन कार्की | कोषाध्यक्ष |
| १० | पौष १३, २०७९ | अन्तर्क्रिया कार्यक्रम | फस्ट माइक्रोफाइनान्स | काठमाण्डौ | रघुनाथ पराजुली | ऋण अधिकृत |
| ११ | पौष ३,२०७९ | अन्तर्क्रिया | नेपाल रेडक्रस | बनेपा | नारायण ढुङ्गाना | सचिव |
| १२ | पौष १६,२०७९ | साधारण सभा | राष्ट्रिय सहकारी बैक | काठमाण्डौ | सरोज सापकोटा | अध्यक्ष |
| १३ | माघ १६,२०७९ | रक्तदान कार्यक्रम | सिन्धु विकास बैंक | पाँचखाल ४ | मनुप सापकोटा | आर्थिक प्रशासन बिभाग प्रमुख |
| १४ | माघ २८,२०७९ | जिल्ला स्तरिय गोष्टी | जिल्ला सहकारी | धुलिखेल | सरोज सापकोटा, ठाकुरनाथ अधिकारी, रघुनाथ पराजुलि | अध्यक्ष, प्र.का.अ, ऋण अधिकृत |
| १५ | फाल्गुण १३, २०७९ | वार्षिक साधारण सभामा | काभ्रेपलान्चोक जिल्ला बचत | बनेपा | सत्यवती भट्टराई | उपाध्यक्ष |
| १६ | चैत्र १९-२०, २०७९ | अन्तर सहकारी हाजिरीजवाफ कार्यक्रम | जिल्ला सहकारी संघ | बनेपा | रघुनाथ पराजुली मनुप सापकोटा रोशन वोलखे | ऋण अधिकृत, आर्थिक विभाग प्रमुख, वचत प्रमुख |
| १७ | चैत्र २५ | महिला सञ्चालकको प्राविधिक क्षमता विकास | काभ्रेपलान्चोक जिल्ला बचत | बनेपा | कमला दनुवार | सञ्चालक सदस्य |
| १८ | चैत्र २३ ,२४, २५, २०७९ | तेस्रो राष्ट्रिय सहकारी सम्मेलन | राष्ट्रिय सहकारी महासङ्घ | काठमाण्डौ | सरोज सापकोटा, बाबुकाजि पराजुली | अध्यक्ष/उपाध्यक्ष |
| १९ | २०८० बैशाख १६ | विशेष साधारण सभामा उपस्थिति | काभ्रेपलान्चोक जिल्ला बचत | बनेपा | सत्यवती भट्टराई | उपाध्यक्ष |

## ६) सञ्चालकहरुको क्षमता बिकासको अवस्था :

संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उच्च व्यवस्थापनमा रहनु भएका कर्मचारीहरूलाई नेफ्स्कुनका पुर्व अध्यक्ष एवं सहकारी विज्ञद्वारा २०८० जेठ १९ गतेका दिन १ दिने "नेतृत्व विकास तथा नेतृत्वको भूमिका" सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

## ७) कर्मचारीहरुको क्षमता विकासको अवस्था :

| क्र. स. | मिति | कार्यक्रमको नाम | आयोजक/स्थान | सहभागि |
|---|---|---|---|---|
| १ | श्रावण २२, २०७९ | १८ कार्यकुशलता तथा सिकाइ व्यवस्थापन | ठेचो महिला जागरण | मनुप सापकोटा |
| २ | कार्तिक २७, २०७९ | १९ कार्यकुशलता तथा सिकाइ व्यवस्थापन | थानकोट महिला जागरण | ठाकुरनाथ अधिकारी |
| ३ | माघ १५, २०७९ | २० कार्यकुशलता तथा सिकाइ व्यवस्थापन | हिमनदी साकोस | ठाकुरनाथ अधिकारी सन्तोष अधिकारी |
| ४ | बैशाख २२, २०८० | २१ कार्यकुशलता तथा सिकाइ व्यवस्थापन | सक्रिय महिला बचत तथा ऋण | बिष्णु प्र पराजुली, प्रभुराम कोइराला, रघुनाथ पराजुलि |
| ५ | २०८० जेष्ठ १३- १५ | वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण | जिल्ला सहकारी सङ्घ | बद्रि प्रसाद तिमल्सिना, निरोज पराजुली |
| ६ | ज्येष्ठ १२, २०८० | कोपोमिस परामर्स | सहकारी बैंक | मनुप सापकोटा |
| ७ | जेष्ठ १९, २०८० | गोएमएल परामर्स | सहकारी बैंक | मनुप सापकोटा |
| ८ | जेष्ठ २४, २५ र २६ | पर्ल्स तालिम | नेफ्स्कुन | बिष्णु प्र पराजुली, सन्तोष अधिकारी, प्रभुराम कोइराला |
| ९ | जेष्ठ २३ | कर गोष्टी | जिल्ला सहकारी सङ्घ | प्रभुराम कोइराला |

कर्मचारीहरुको क्षमता बिकासका लागि विभिन्न तालिम, गोष्ठीहरूमा भर्चुअल तथा प्रत्यक्ष रूपमा सहभागिता गराईएको छ ।

## ८) सहकारी शिक्षाको अवस्था :

संस्थामा आवद्ध सदस्यहरूलाई उत्पादन तथा सेवाहरू र सदस्यलाई प्रदान गर्ने सेवा सुविधाहरूका बारेमा सहकारी शिक्षा तथा वित्तीय साक्षरताका निम्नानुसार कार्यक्रमहरू सञ्चालन गरी सदस्यहरूलाई प्रशिक्षित गर्दै आइरहेको छ ।

| क्र.स. | शिविर संचालन भएको मति | स्थान |
|---|---|---|
| १. | २०७९ भाद्र १२ | आजाद मा.वि.,पाँचखाल -१२ |
| २. | २०७९ भाद्र १९ | पाँचखाल -१२, खामपुर |
| ३. | २०७९ कार्तिक १ | पाँचखाल-६, दुलालथोक |
| ४. | २०७९ पौष १ | संस्थाको मुख्य कार्यालय,पाँचखाल |
| ५. | २०७९ माघ १३ | भक्रम देवी मा.वि., पाँचखाल-२ |
| ६. | २०७९ चैत्र २४ | पन्चकन्या आधारभुत विद्यालय, मण्डनदेउपुर-११ |
| ७. | २०८० जेठ २५ | पाँचखाल न.पा. हल |
| ८. | २०८० जेठ २६ | पाँचखाल न.पा. हल |
| ९. | २०८० जेठ ३० | सर्वमङ्गला मा.वि., पाँचखाल-३ |
| १०. | २०८० असार ८ | महाकाली मा.वि. मण्डनदेउपुर |

## ९) अध्ययन अवलोकन भ्रमण :

यस वर्ष संस्थागत भ्रमण नभएको ।

## १०) योजना निर्माण र कार्यान्वयन अवस्था :

संस्थाले तयार गरेको ३ बर्षे रणनितिक योजनाका आधारमा नीति कार्यक्रम तथा बजेट तयार गरी साधारण सभाबाट स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गरिएको छ । उक्त रणनीतिक योजनालाई समयअनुसार संशोधन गरिएको छ ।

## ११) नीति, कार्यविधि र निर्देशिकाको अवस्था :

संस्थाले आफ्ना कार्यक्रमहरू नीति, विधि र प्रविधिअनुसार सञ्चालन गर्न निर्माण गरेका तपशील बमोजिमका नीति, निर्देशिका र कार्यविधिहरू समयानुकुल बनाई कार्यान्वयन गर्न २०८० जेठ १९ गते पुनरावलोकन कार्यक्रम सम्पन्न गरियो ।

## १२) अनुगमन तथा निरिक्षण अवस्था :

संस्थाले नियमित रुपमा आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिनाभित्र बार्षिक लेखापरिक्षण सम्पन्न गर्ने गरिएको छ भने गत आर्थिकदेखि नै नेपाल लेखामान पद्दती ( एन.एफ.आर.एस) अनुसार लेखा परिक्षण गरिएको छ । लेखा प्रणालीलाई थप व्यवस्थित र त्रुटिरहित बनाई चुस्तदुरुस्त राख्नका लागी त्रैमासिक रूपमा आन्तरिक लेखापरिक्षण गरि रिपोर्ट प्रस्तुत गर्ने व्यवस्था गरिएको छ भने यस वर्ष संस्थामा निम्नअनुसार अनुगमनकारी निकायबाट अनुगमन तथा निरिक्षण गरी महत्त्वपुर्ण सुझाव सल्लाह प्राप्त भएका छन् ।

| क्र.स. | मिति | निरिक्षण/अनुगमनकारी निकाय |
|---|---|---|
| १ | २०७९/१२/९-१० | नेफ्स्कुन, स्थलगत निरिक्षण |
| २ | २०८०/०३/१८ | नेफ्स्कुन, स्थलगत निरिक्षण |

## १३) सामाजिक उत्तरदायित्व अवस्था :

यस आवमा निम्नअनुसारका कार्यक्रम सम्पन्न गरिएको छ ।

| क्र.स. | मिति | कार्यक्रमको नाम | स्थान |
|---|---|---|---|
| १ | २०७९ भाद्र ३ ,कृष्ण अष्टमी | निशुल्क खानेपानी वितरण | पाँचखाल कृष्ण मन्दिर |
| २ | २०७९ भाद्र १४-१६ | निशुल्क खानेपानी वितरण | ताम्रेश्वर मन्दिर र पाँचखाल शिव पांचायन मन्दिर |
| ३ | २०७९ असोज | सडक सुचना वोर्ड | अनैकोट-रवि-वनेपा सडक |
| ४ | २०७९ मंसिर ६,बालाचतुर्दशी | निशुल्क चियापान | ताम्रेश्वर मन्दिर, तामाघाट पुल |

## १४) मानव संशाधन व्यवस्थापन र उत्पादकत्व :

संस्थाको कार्यालय व्यवस्थापनमा केन्द्रिय कार्यालय पाँचखाल, बनेपा र कुन्ता सेवा केन्द्रहरू समेतमा गरी हाल प्रमुख कार्यकारी अधिकृत १, अधिकृतस्तर ४, सहायकस्तर २१, र श्रेणीविहीन २ जना गरी जम्मा २८ जना कर्मचारीबाट कार्य सम्पादन हुँदै आएको छ भने प्रति कर्मचारी उत्पादकत्व सदस्य तर्फ: ४८८, खाता तर्फ: ११५४, बचत भार: २,२७,६०,०००/-, ऋण भार: २,९३,१५,०००/- रहेको छ ।

## १५) कार्यालय सञ्चालन र व्यवस्थापन:

भौतिक पूर्वाधारले सम्पन्न संस्थाको कार्यालय हप्तामा ६ दिन खुल्ला राखी सेवा प्रवाह गरिँदैआएको छ । पाँचखाल तामाघाटमा आफ्नै कार्यालय भवन तथा बनेपा र कुन्ता सेवा केन्द्रहरूमा भाडामा लिएका भवनहरूबाट दैनिक कार्यालय सञ्चालन भईरहेको छ ।

***फागुन १ देखि कात्तिक ३० सम्म (आईतबारदेखि बिहिवारसम्म)***

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय खुल्ने समय | : | ९:४५ बजे | कार्यालय बन्द गर्ने समय | : | ५:३० बजेबाट |
| कारोबार सुरू गर्ने समय | : | १०:०० बजेबाट | कारोवार बन्द गर्ने समय | : | ४:०० बजेबाट |

***शुक्रबारको दिन***

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय खुल्ने समय | : | ९:४५ बजे | कार्यालय बन्द गर्ने समय | : | ४:०० बजेबाट |
| कारोवार सुरू गर्ने समय | : | १०:०० बजेबाट | कारोवार बन्द गर्ने समय | : | ३:०० बजेबाट |

***मंसिर १ देखि माघ ३० सम्म (आईतबारदेखि विहिवारसम्म)***

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय खुल्ने समय | : | ९:४५ बजे | कार्यालय बन्द गर्ने समय | : | ४:३० बजेबाट |
| कारोवार सुरू गर्ने समय | : | १०:०० बजेबाट | कारोवार बन्द गर्ने समय | : | ३:०० बजेबाट |

***शुक्रबारको दिन:***

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यालय खुल्ने समय | : | ९:४५ बजे | कार्यालय बन्द गर्ने समय | : | ३:०० बजेबाट |
| कारोवार सुरू गर्ने समय | : | १०:०० बजेबाट | कारोवार बन्द गर्ने समय | : | २:०० बजेबाट |

*पुनश्च: सार्वजनिक विदाको दिन कार्यालय बन्द रहने छ ।*

## १६) प्रकाशन:

- संस्थाको वार्षिक कार्यक्रम, वित्तीय विवरण संलग्न गरी प्रकाशन गर्दै आईरहेको प्रगति प्रतिवेदन पुस्तिकालाई निरन्तरता दिँदै यस आ.व. ०७९/०८० मा ५००० प्रति प्रकाशन गरी वितरण गरिएको छ ।
- गत बर्ष झैं यस वर्ष पनि ५००० प्रति क्यालेण्डर छपाई गरिएको प्रकाशन गरी सदस्यहरूलाई वितरण गरिएको छ ।
- कापी २००० प्रति, नोटबुक २०००, डटपेन २००० प्रति छपाई गरिएको छ ।

## १७) सदस्य हेरचाह तथा सुरक्षा अवस्था :

क) संस्थाले सञ्चालन गरेको पशु सुरक्षण (विमा) कार्यक्रममा सहभागी हुनु भएका कृषक सदस्यहरूको पशु क्षति भई क्षतिपूर्ति प्रदान गरिएको छ ।

ख) सुत्केरी खर्च ४८ जनालाई जम्मा रू.९६,०००।- उपलब्ध गराईएको छ ।

ग) ६४ जना सदस्यहरूलाई पारिवारिक राहत (किरिया खर्च) स्वरूप रू.४,८०,०००।- प्रदान गरिएको छ ।

घ) यस संस्थाका ५ जना शेयर सदस्यको असामयिक निधन भएकोमा राहत स्वरूप रू.७५,०००।- उपलब्ध गराईएको छ ।

ङ) ४६ जना सदस्यहरूलाई स्वास्थ्य उपचार खर्च रू.३,०६,१००।-

च) संस्थामा आवद्ध सदस्यहरूको रु.१ लाखको दुर्घटना बिमा गरिएको छ ।

छ) सदस्यहरूको स्वास्थ्य सुविधालाई ध्यानमा राखी सदस्यहरूका लागि पाँचखाल पोलीक्लिनिक संग निम्नअनुसार सहुलियत तथा छुट सुबिधा लिने व्यवस्थालाई निरन्तरता गरिएको छ ।

| क्र.सं. | विवरण | छुट सुविधा प्रतिशतमा |
|---|---|---|
| १ | औषधीमा | १० प्रतिशत छुट |
| २ | ल्याब चेक जाँचमा | २० प्रतिशत छुट |
| ३ | दन्त परिक्षणमा तथा सेवामा | २० प्रतिशत छुट |
| ४ | डिजिटल एक्स्रे | २० प्रतिशत छुट |
| ५ | फिजियोथेरापी | २० प्रतिशत छुट |

ञ) सदस्यहरूलाई सदस्यता परिचय पत्रको व्यवस्था गरिएको छ ।

## १८) सदस्य लाभको अवस्था :

संस्थामा आवद्ध सदस्यहरुलाई लाभांश र कारोवारका आधारमा संरक्षित पुँजी फिर्ता कोष वितरण गरिएको छ ।

## १९) सदस्य प्रोत्साहनको अवस्था :

क) बाल बचतकर्ताहरूलाई जन्म दिनको उपलक्ष्यमा उपहार प्रदान गर्ने कार्यक्रम निरन्तरता प्रदान गरिएको छ ।

ख) शुभारम्भ सदस्य सम्मान कार्यक्रम अन्तर्गत प्रत्येक दिन पहिलो कारोवार गर्नुहुने सदस्यहरूमध्ये बाट १ जना सदस्यलाई प्रत्येक महिना शुभारम्भ सदस्य सम्मान गर्ने गरिएको छ ।

ग) असल बचत कर्ता, असल ऋणी, उत्कृष्ट बाल बचत कर्ता, सफल युवा व्यवसायी सम्मान, उत्कृष्ट सुझाव कर्ता सम्मान र आर्थिक बिकास मित्र सहकारी अवार्ड जस्ता कार्यक्रमद्वारा सदस्यलाई प्रोत्साहन गर्ने गरिएको छ ।

## २०) सुझाव पेटीकाको व्यवस्था:

यस सहकारी संस्थासँग आर्थिक कारोवार सञ्चालन गर्दा वा अन्य कुनै कारणवश यस संस्थासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट संलग्न हुनु हुने शेयर सदस्य, शुभचिन्तकहरूमा कुनै

गुनासो वा सल्लाह सुझाव र प्रत्यक्ष रूपबाट सम्बन्धित पक्षसँग भेटघाट वा संवाद नहुने स्थिति सिर्जना भएमा सहज बनाउनका लागि कार्यालयमा सुझाव पेटिकाको व्यवस्था गरिएको छ ।

### २१) सुचना र प्रविधिको अवस्था :

क) संस्थालाई इन्टरनेटको दुनियाँबाट चिनाउन फेसबुक र वेभ साइटमार्फत् आफ्ना सूचना र गतिविधिहरू जानकारी लिनसक्ने व्यवस्था मिलाइनुका साथै सूचना तथा जानकारीहरू सम्प्रेषण गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ ।

ख) संस्थाले आफ्नो सम्पूर्ण कारोवार फिनमान (**FINMAN**) सफ्टवेयरमार्फत गर्दै आइरहेको छ यसका साथै संस्थाले मोबाईल बैंकिङ्ग सञ्चालनमा ल्याएको छ । जसले गर्दा आफ्नै खाताबाट टेलिफोनको विल भुक्तानी, बत्ति, डिसहोम, मोबाईल रिचार्ज तथा आफ्नो खाताबाट रकम ट्रान्सफर गरि अर्को व्यक्तिको खातामा रकम जम्मा गर्न सकिने छ । साथै संस्थाले एस.एम.एस. मार्फत रकम जम्मा भएको र झिकेको रकम थाहा पाउने व्यवस्था गरिएको छ ।

ग) संस्थाले आफ्नै क्युआर कोड प्रचलनमा ल्याएको छ ।

### २२) बैधानिक प्रतिबद्धता र नीतिनियमहरूको पालना र सुशासनको अवस्था :

क) संस्थाले नियमित रूपमा साधारण सभा सम्पन्न गरेको छ । बार्षिक लेखापरिक्षण, कर चुक्ता, नियमित तिर्नुपर्ने करहरू, नियमनकारी निकायहरूमा बुझाउनु पर्ने मासिक रिर्पोटहरू समयमै बुझाई वैधानिकता कायम गरिएको छ ।

ख) सहकारी विभाग तथा माथिल्लो सङ्घहरूद्वारा समय समयमा जारी निति, नियम, निर्देशन र अपिलहरूलाई पूर्णरूपमा कार्यान्वयन गरिएको छ ।

ग) संस्थामा सुशासन कायम गर्न सञ्चालक समितिमा रहनु हुने कुल संख्याको ४९ प्रतिशत सञ्चालकले मात्र ऋण लिन पाउने व्यवस्था मिलाईएको छ ।

घ) सञ्चालक समिति र व्यवस्थापन बिचको कार्य जिम्मेवारी र कार्यविभाजन नीति र विधिअनुसार स्पष्ट गरी कार्य सम्पादन हुने गरेको छ ।

ङ) सञ्चालक समितिको बैठक बर्षमा १५ ओटा भन्दा बीढ नबस्ने व्यवस्था रहेको र बसेमा भत्ता नलिने गरिएको छ ।

च) लेखा समितिबाट आएका सुझावहरू कार्यान्वयन गरिएको छ ।

छ) संस्थाका प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा विभागीय प्रमुखहरू सम्मिलित व्यवस्थापन समूह गठन गरी कार्य सम्पादनलाई दुरूस्त बनाईएको छ ।

## २३. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको अवस्था :-

संस्थाको पन्ध्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति र प्रमुख कार्यकारी अधिकृतले निम्नअनुसार मात्र सेवासुविधा लिने गरेको छ:

क) संस्थाका कुनै पनि पदाधिकारीहरूले पारिश्रमिक लिने नगरेको ।

ख) सञ्चालक समितिले बैठक बसेको बेलामा प्रति बैठक रु.२०००। भत्ता लिने गरेको।

ग) लेखा सुपरिवेक्षण समितिले बैठक बसेको बेलामा प्रति बैठक रु.२०००। भत्ता लिने गरेको छ ।

घ) ऋण तथा अन्य उपसमितिले प्रति बैठक रु. १५०० भत्ता लिने गरेको ।

ङ) सञ्चालक समितिले बैठक भत्ताभन्दा बाहेक कुनै सेवा सुबिधा लिएको छैन ।

२४) २०७९ साल असोज ०३ गतेका दिन सम्पन्न आर्थिक बिकास मित्र साकोसको १६ औं बार्षिक साधरणसभा संस्थाका अध्यक्ष श्री सरोज सापकोटाको अध्यक्षतामा सम्पन्न भएको थियो र उक्त सभामा प्रमुख अतिथि जिल्ला सहकारी संघ लि. काभ्रेका अध्यक्ष श्री दिलिप शर्मा, अतिथिहरू जिल्ला बचत संघ लि. का काभ्रेपलाञ्चोकका सचिव श्री सुरेन्द्र प्रसाद पौडेल, मेनेजर्स क्लब काभ्रेका अध्यक्ष श्री मदन वस्नेत, पाँचखाल नगरपालिका सहकारी शाखाका प्रतिनिधि सुदर्शन बोलखे, सहकारी समन्वय समिति, पाँचखालका संयोजक, श्री विद्यालक्ष्मी देउजा अर्याल, प्रगतीशिल बहुउद्देशीयय सहकारी संस्था लि. का अध्यक्ष, श्री केशव प्रसाद काफ्ले, प्रतिष्ठा कृषि सहकारी संस्था.ली. अध्यक्ष श्री ज्ञान बहादुर थापा, स्वेच्छा बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष श्री ओमकार श्रेष्ठ, ग्रामिण महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. का सञ्चालक सदस्य, श्री लक्ष्मी गिरी र उपस्थित सम्पूर्ण शेयर सदस्य, सल्लाहकार, शुभचिन्तक, पत्रकारहरू प्रति आभार व्यक्त गर्दै यहाँहरूको सकारात्मक सुझाव सल्लाहहरू र मार्ग निर्देशनप्रति आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

**आदरणीय सेयर सदस्य महानुभावहरू,**

अब म यस सभामा २०८०/८१ का लागि निम्न अनुसार नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## १. सदस्यता विस्तार र शेयर पुंजी वृद्धि गर्ने नीति :

क) यस वर्ष ३५०० जनालाई सदस्यता प्रदान गरी १३३०९ जना पुऱ्याईने छ ।

ख) नयाँ सदस्यका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

ग) सदस्यहरूलाई शेयर पुँजी वृद्धि गर्न उत्प्रेरित गरी सकेसम्म कम्तिमा ५० कित्तादेखि बढीमा ५,००० कित्तासम्म शेयर खरिद गर्न लगाउने नीतिलाई र प्रोत्साहन प्रदान गरिने छ ।

घ) बढीभन्दा बढी सदस्यहरूलाई राहत कार्यक्रममा सहभागी गराईने छ ।

ङ) कार्यक्षेत्र भित्र नयाँ सदस्यताको सम्भाव्यता अध्ययन गरी सदस्यता नभएकाहरूलाई विशेष प्राथमिकता दिई सदस्यता प्रदान गरिने छ ।

च) अपाङ्ग, एकल महिला तथा जेष्ठ नागरिकहरूलाई विशेष सहुलियतमा सदस्यता प्रदान गरिने छ ।

**२. संस्थागत पुँजी बृद्धिगर्ने नीति :**

क) करपछिको नाफाको कम्तीमा २५% जगेडा कोषमा लाने ।

ख) खर्च नभएका कोषहरूलाई जगेडा कोषमा सार्ने ।

**३) जोखिम न्युनीकरण गर्ने निति :**

क) बजारको सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा मूल्य निर्धारण गर्ने ।

ख) एउटै शीर्षकमा एकै सदस्यलाई ठुलो ऋण लगानी नगर्ने ।

ग) सम्पूर्ण प्रकृया, अभिलेख तथा कागजात तयार नगरी ऋण लगानी नगर्ने ।

घ) तरलता अनुपातमा कारोबारको नियन्त्रण गर्ने ।

ङ) संस्थाको नगदको सुरक्षाको लागि बिमा गर्ने ।

च) ऋणका सबै फाईलहरूलाई डिजिटलाइज गर्ने ।

छ) रु ३ लाखसम्मका साना ऋणहरूलाई लघु ऋण विमा कार्यक्रम अन्तर्गत विमा गर्ने ।

**४) यस आ.व.मा निम्नानुसारको प्रविधि प्रयोग गरी नयाँ कार्यालय व्यवस्थापन गरिने छ ।**

| सफ्टवेयर अध्यावधि गर्ने | नवीकरण तथा खरिद | नवीकरण |
|---|---|---|
| इन्टरनेट जडान गर्ने | अध्यावधि तथा नवीकरण | १ पटक |
| नगद गणना मेसिन | खरिद २ वटा | √ |
| सोलार तथा इन्भर्टर जडान | खरिद जडान २ थान | √ |
| कम्प्युटर, ट्याब्लेट, प्रिन्टर खरिद | प्रिन्टर खरिद-६, ट्याब्लेट-१० | √ |
| डिस्प्ले बोर्डको व्यवस्था | कार्य थालनी | √ |
| सर्भर कम्प्युटर खरिद गर्ने | मुख्य कार्यालय | √ |

**५) यस आ.व.मा निम्नअनुसार बैठक तथा छलफल कार्यक्रम सञ्चालन गरिने छ :**

| | |
|---|---|
| स्थानीय सङ्घ/सस्थासँग बैठक तथा छलफल | २ पटक |
| नियमनकारी संघ संस्थाको कार्यक्रममा सहभागिता | ३ पटक |
| सञ्चालक समितिको बैठक | १५ |
| लेखा सुपरिवेक्षण समिति बैठक | ४ |
| अन्य उपसमितिहरूको बैठक | वार्षिक २ ओटाका दरले |
| बार्षिक योजना समीक्षा बैठक | त्रैमासिक रूपमा ४ पटक |
| ऋणी सदस्यहरूसँग छलफल अन्तर्क्रिया | १ |
| सदस्यहरूसँग छलफल अन्तरक्रिया | ३ |

**६) यस आ.व.मा योजना तथा कार्यक्रम कार्यान्वयन अवस्थाको समीक्षा :**

| | |
|---|---|
| रणनीतिक व्यावसायिक योजना निर्माण | वार्षिक रूपमा १ पटक |
| वार्षिक योजना समीक्षा बैठक | त्रैमासिक रूपमा ४ पटक |

**७) तरलताको उचित व्यवस्थापन गरिने छ ।**

| | |
|---|---|
| तरलताको नियमित मापन | १५ |
| योजनाअनुसार सेयर कायम गर्ने | निरन्तर |
| अल्पकालीन वाह्रय ऋण व्यवस्था | आवश्यकता अनुसार |
| सानो र आयमुलक कार्यका लागि प्राथमिकता साथ ऋण लगानी | आवश्यकता अनुसार |
| व्यवसायिक सदस्यता वृद्धि | आवश्यकता अनुसार |

**८) समिति तथा उप-समितिहरूमा नेतृत्व विकास गर्न निम्न अुसार तालिम सञ्चालन गरिने छ ।**

| | |
|---|---|
| सहकारी व्यवस्थापन र नेतृत्व विकास तालिम | १ |
| पर्ल्स अनुगमन तालिम | १ |
| वार्षिक योजना तथा बजेट | १ |
| ऋण व्यवस्थापन | १ |
| लेखा व्यवस्थापन | १ |
| आधुनिक प्रविधि तालिम | १ |
| तरलता व्यवस्थापन | १ |
| विभिन्न विषयगत तालिममा सहभागिता | ४ |

**९) समितिको स्व:मुल्याङ्कन तथा व्यवस्थापनको कार्य सम्पादन मुल्याङ्कन गर्ने ।**

| | |
|---|---|
| सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको स्वमुल्याङ्कन | १ |
| कर्मचारीको कार्य सम्पादन | १ |

**१०. संस्थागत सुशासनमा जोड:**

क. एक वर्षभित्र प्रोबेसन ब्राण्ड प्राप्त गरिने छ । यसका लागि आवश्यक कार्यहरू नीति, विधि संसोधन र नयाँतर्जुमा गरिने छ ।

ख. सुशासनमा विशेष जोड दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त गरेका अनुभव र प्रयोगका आधारमा नीतिहरूको पुनरावलोकन गरिनुका साथै संस्थामा हुने सबै बैठक कार्यक्रम, तालिम, गोष्ठी भ्रमण आदिको लागि सहयोगी पुस्तिका हाते पुस्तिका निर्माण गरिने छ ।

ग. ब्राण्ड माईन्ड सेट तयार गरी लागु गरिने छ ।

**११. बचत वृद्धि नीति :**

क. अनिवार्य नियमित बचतलाई वृद्धि गर्न विशेष अभियान चलाई ९० प्रतिशतभन्दा बढी सदस्यहरूलाई नियमितता प्रदान गराईने छ । नयाँ बचत खाता तथा सञ्चालनमा रहेको अन्य बचतलाई प्रभावकारी बनाइने छ ।

ख. बजारअनुसार बचत तथा ऋणमा प्रतिस्पर्धी ब्याजदर कायम गरिने छ ।

ग. धन सिर्जना गर्ने बचत खाता सञ्चालनमा ल्याईने छ ।

घ. ब्रोसर, क्याटलक, पत्राचार, बल्क मेसेज, फ्लेक्स बोर्ड, सूचना पाटी वेवसाइट तथा सामाजिक सञ्जालमार्फत् व्यापक प्रचार प्रसार गरिने छ ।

**१२) सुरक्षित र सरल ऋण प्रदान निति :**

क) ऋणको अनुगमन तथा निरिक्षण गर्ने र ताकेता गर्ने ।

ख) ऋणको उत्पादन तथा सेवाअनुसार लगानीलाई निरन्तरता दिने ।

ग) मासिक/त्रैमासिक किस्ता प्रणलीमा र साना ऋण लगानी लाई प्राथमिकता प्रदान गर्ने ।

घ) सबै ऋण लगानीको उपयोगिता मध्यनजर गर्ने ।

ङ) ऋण पोर्टफोलियो निर्धारण एंव वर्गीकरण गर्ने ।

च) ऋणलाई प्रकारका आधारमा समय सीमा निर्धारण गर्ने

छ) भाखा नाघेका ऋणको समयअनुसार योजना बनाई असुली गर्ने ।

## १३. मानव संशाधन व्यवस्थापन नीति :

क. कारोबार विस्तार, कार्यक्षेत्र विस्तार र सदस्य वृद्धिका आधारमा कर्मचारीहरू थप गर्दै लगिने छ ।

ख. कर्मचारीहरूलाई समय सापेक्ष रूपमा विषयवस्तुअनुसार तालिम प्रदान गरिने छ । हरेक कर्मचारीले वार्षिकरूपमा कम्तीमा एउटा तालिम अनिवार्य रूपमा लिने व्यवस्था मिलाइने छ ।

ग. उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई मासिक रूपमा प्रोत्साहन र बार्षिक रूपमा उत्कृष्ठ मध्ये १ जना कर्मचारीलाई पुरस्कृत गरिनेछ । व्यवस्थापनमा रहने कर्मचारीहरूको साप्ताहिक समीक्षा बैठक सञ्चालन गरिनेछ र कर्मचारीहरूको अनिवार्य मासिक बैठक गरिनेछ ।

घ. कर्मचारीहरूको थपघट, पदोन्नति सरूवा, वार्षिक मूल्यांकन आदिको व्यवस्था आवश्यकताअनुसार व्यवस्थापनले समूहको सिफारिस बमोजिम सञ्चालक समितिले गर्ने छ । साथै वर्षको उत्कृष्ट कर्मचारीको रूपमा पुरस्कृत कर्मचारीलाई मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधिअनुसार प्रोत्साहनको व्यवस्था गरिने छ ।

ङ. कर्मचारीहरूलाई वृत्ति विकास र पदोन्नतिको अवसर प्रदान गरिने छ ।

च. कर्मचारीहरूलाई श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षामा सहभागी गराई सुनिश्चितता प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिने छ ।

## १४. सम्मान तथा पुरस्कार नीति:

क. संस्थाले वार्षिक रूपमा प्रदान गर्दै आइरहेको पुरस्कार वितरण कार्यलाई थप व्यवस्थित र समयानुकूल बनाइनेछ ।

ख. ज्येष्ठ सदस्य सम्मान, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट सुझावकर्ता, उत्कृष्ट ऋणी, उत्कृष्ठ बाल सदस्य, उदयमान युवा व्यवसायी तथा माध्यमिक शिक्षा परीक्षामा उत्तीर्ण विद्यार्थी भाइबहिनीहरूलाई सम्मान तथा पुरस्कार वितरण गर्ने कार्यलाई यथा सम्भव निरन्तरता प्रदान गर्दै वर्षको उत्कृष्ट सदस्य, महिनाको उत्कृष्ट सदस्यलाई सम्मान गर्ने नीति अवलम्वन गरिनेछ ।

## १५. सामुदायिक क्रियाकलाप:

क. स्वास्थ्य शिविर, आँखा शिविर, रक्तदान लगायत स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम र अन्य सामुदायिक कार्यहरू लगायत ज्येष्ठ नागरिक, बालबालिका र युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

ख. वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरू संस्था आफैँ र स्थानीय सरकारसँग समन्वय र साझेदारीमा सञ्चालन गर्ने ।

ग. आवश्यकताअनुसार सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्ने ।

## १६. सदस्य सुरक्षा एवं जोखिम न्यूनीकरण :

क. सबै  सदस्यहरूको दुर्घटना विमालाई निरन्तरता प्रदान गरिने छ ।

ख. सदस्य सेवाका कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

ग. कृषक सदस्यहरूका पशुहरूको विमा गर्ने कार्यलाई निरन्तरता प्रदान गरिने छ ।

घ. संस्थाको राहत कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

## १७. सांगठनिक संरचना:

क. संस्थाको कार्यक्षेत्र भित्रका सदस्यहरूलाई सरल र सहज रूपमा सेवा प्रदान गर्न सेवा केन्द्र खोली गाउँ, वडा, टोलहरूमा सेवा विस्तार गरिने छ ।

ख. संस्थाको आवश्यकताबमोजिम गठित उप समितिहरूको कार्य, जिम्मेवारीबमोजिम वार्षिक रूपमा कम्तिमा एक/एक वटा कार्यक्रम गर्ने । संस्थाको कार्यक्षेत्रभित्र समेत क्षेत्रीय जिम्मेवारी तोकिने छ ।

## १८. सूचना सम्प्रेषण तथा प्रकाशन:

क. संस्थाको गतिविधि झल्किने गरी सहकार्य श्रव्य/दृष्य, डकुमेण्ट्री आदि निर्माण गरिनेछ ।

ख. संस्थाको परिचय दिने ब्रुसर, बुकलेट, क्याटलक, क्यालेण्डर, प्रगति प्रतिवेदन र कार्यक्रम तथा सेवाहरूका विषयमा जानकारी दिने हाते पुस्तिकाहरू प्रकाशन गरिने छ।

ग. संस्थाका हरेक गतिविधिलाई संस्थाको वेवसाइट तथा फेसबुक मार्फत प्रकाशन गर्ने नीतिलाई निरन्तरता प्रदान गरिने छ ।

## १९. रेमिट्यान्स कारोबार:

हाल कायम भएका विभिन्न रेमिट्यान्स कम्पनीबाट लिइएका सेवालाई थप प्रभावकारी बनाई अन्य कम्पनीमार्फत् समेत कारोबार सञ्चालन गरिनेछ ।

## २०. सहकारी अध्ययन अवलोकन भ्रमण:

संस्थालाई दीगो र उत्कृष्ट बनाउनका निमित्त आवश्यक विधि-प्रविधि तौर-तरिकाका बारेमा अध्ययन गरी तदनुरूप सदस्यको चाहना अनुरूप संस्थालाई अगाडि बढाउन उपयुक्त समयमा प्राबेशन र एक्सेस ब्राण्ड प्राप्त सहकारी भ्रमण अध्ययन अवलोकन भ्रमण गरिनेछ ।

## २१ . कोष स्थापना, व्यवस्थापन र सञ्चालन नीतिः

संस्थाद्वारा स्थापित सदस्य हित कोषलाई वृद्धि गर्दै हितकोषमा आवद्ध हुन बाँकी सदस्यहरू र नयाँ सदस्यहरूलाई समेत कोषमा आवद्ध हुन आह्वान गर्दै विगतमा निर्णय भै कार्यान्वयनमा नआएका कोषलाई कार्यान्वयन गरिनेछ भने सदस्य राहत कोषमा मुनाफाबाट कर तिरेर आएको खुद बचतको ५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरिने छ ।

## २२. तालिम गोष्ठी र सेमिनार :

क. नयाँ सदस्यहरूलाई अभिमुखीकरण तालिम र पुरानालाई पुर्नताजगी तालिम, कर्मचारीहरूको क्षमता अभिवृद्धि तालिम, सञ्चालक समितिका लागि संस्थागत विकास तालिम र उप समितिलाई क्षमता अभिवृद्धि तालिमहरू लगायत अन्य विषयगत तालिम सञ्चालन गरिनेछ ।

ख. तालिम सञ्चालनका क्रममा आवश्यकता अनुसार स्थानीय, जिल्ला तथा केन्द्रीय निकायसँग समन्वय गरी सहभागिता जनाइनेछ ।

ग. सञ्चालक समिति, कर्मचारी तथा सदस्यहरूको क्षमता बढाउन स्वदेश तथा विदेशको अध्ययन अवलोकन भ्रमण, गोष्ठी सेमिनार, अनुभव आदान प्रदानको कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

घ. योजना तर्जुमा तथा समीक्षा गोष्ठीहरू तथा अन्तर्क्रिया कार्यक्रम सरोकारवालाहरूसँग आवश्यकता अनुसार सञ्चालन गरिनेछ ।

## २३. कृषि तथा व्यवसाय प्रबर्द्धन नीतिः

क. कृषक सदस्यहरूको माग र आवश्यकताअनुसारका कृषिसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ख. कृषक सदस्यहरूको समूह निर्माण गरी कृषि प्रविधिको उपयोग गरि सहज र सरलीकृत गर्ने व्यवस्था मिलाई उत्पादन वृद्धिमा जोड दिइनेछ ।

घ. व्यवसायिक सदस्यहरूलाई आवश्यक काउन्सिलिङ गरी उद्यमशीलता विकासमा जोड दिईनेछ ।

ङ. संस्थाका सदस्यहरूको हितको लागि स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकार र विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिने छ।

**अन्त्यमा,**

संस्थाले वर्ष भरी गरेका महत्त्वपूर्ण निर्णय तथा संस्थाका समग्र गतिविधिहरू थाहा पाउनु सदस्यहरूको अधिकार हो भने जानकारी दिनु सञ्चालकहरूको दायित्व हो, यसै विषयलाई मध्यनजर गरी संस्थाको सम्पूर्ण गतिविधिहरू मैले यसै प्रतिवेदन मार्फत समावेश गरेको छु । यस साधारण सभाका सम्पूर्ण सदस्यज्यूहरूमार्फत् संस्थालाई अगाडि बढाउन अझ महत्त्वपूर्ण रचनात्मक सुझावहरू प्राप्त हुने विश्वासका साथ यस प्रतिवेदन उपर छलफल गरी पारित गरिदिनु हुन अनुरोध गर्दै विदा हुन चाहन्छु । धन्यवाद !

जय बचत ! जय सहकारी !! जय आर्थिक विकास मित्र साकोस !!!



# कोषाध्यक्षको आर्थिक प्रतिवेदन

***- राजन कार्की, कोषाध्यक्ष***

यस आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं वार्षिक साधारण सभाका आदरणीय सभाध्यक्ष ज्यू, हाम्रो निमन्त्रणलाई स्वीकार गरि पाल्नु भएका प्रमुख अतिथि ज्यू, अतिथि ज्यू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका सहकर्मी मित्रहरू लेखा तथा सुपरिबेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, पत्रकार मित्रहरू कार्यालय व्यवस्थापनका कर्मचारीहरू एवं उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा संस्थाको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय, शेयर सदस्य महानुभावहरू,**

हामी यस आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि.को १७ औं वार्षिक साधारण सभामा छौं । वर्षभरि गरेका आर्थिक क्रियाकलापहरूको समीक्षा गर्दै आउने वर्षहरूलाई कसरी अझ बढी फलदायी र सदस्य केन्द्रित बनाउने भन्ने उद्देश्यका साथ प्रस्तुत भएको यस सम्मानित सभामा १ वर्ष भित्र भए गरेका प्रगति विवरणका साथै आ.ब. २०८०/८१ का लागि प्रस्तावित बजेट समेत प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरिरहेको छु ।

बचत भविष्यको आधार हो । सुन्दर र समृद्ध भविष्यको यात्रा तय गर्न बचत गर्ने बानी बसाल्नु पर्दछ । आज संस्थासँग प्रत्येक सदस्यले त्यही भविष्यको सुनिश्चितता स्वरूप मेहनत र पसिनाबाट आर्जित थोपाथोपा गरी जम्मा गर्नु भएको करोडौं बचत छ । त्यही बचतलाई हामीले सदस्यहरू माझ उद्यमशील रोजगारी तथा आयआर्जनका लागि परिचालन गरेका छौं । यही तपाइँ हाम्रो सहकारीप्रतिको ऐक्यबद्धता र सदस्यहरू बिचको विश्वास हो । सुशासनयुक्त समुदायमा आधारित ‘उत्कृष्ट दीगो व्यवसायिक साकोस’ बनाउने परिकल्पनालाई साकार बनाउनु हाम्रो दायित्व छ । यो दायित्व पूरा गर्नु हाम्रो लागि चुनौतिपूर्ण पनि छ । यी चुनौतिलाई पन्छाउँदै यस क्षेत्रका समुदायको पहिलो रोजाइको संस्था बनाई राख्न सामाजिक र आर्थिक गतिविधिहरूलाई तिव्र बनाइ अघि बढ्नु छ । त्यसैले विगतको गराई भोगाईलाई र

सिकाईलाई आत्मसाथ गर्दै भावी गन्तव्य सुनिश्चित गर्नु पर्ने भएकाले त्यसतर्फ हाम्रो ध्यान केन्द्रित भइरहेको छ ।

विश्वमा देखिएको कोभिड पछिको आर्थिक मन्दिको प्रभाव प्रष्ट रूपमा हाम्रो देशमा पनि परेको देखिएको छ । सहकारी तथा बैंक वित्तीय संस्थाहरू अत्यन्तै अप्ठेरो परिस्थितिबाट गुज्रिरहेका छन् । कतिपय सहकारी संस्थाहरुले सहजरूपले काम गर्ने अवस्था छैन तापनि हामीले आफ्नो क्षमताले भ्याएसम्म सदस्यहरुको साथ, सहयोग र सहकार्यले कार्य गरिरहेकै छौ । सदस्य सेवालाई प्रभावकारी बनाउन बनेपा, मण्डन देउपुर र पाँचखालबाट सहज कारोवार हुने व्यवस्था मिलाईएको छ । सदस्यले जुनसुकै सेवा केन्द्रबाट आफ्नो खातामा रकम जम्मा गर्न र निकाल्न सक्ने सुविधासहितको व्यवस्था गरिनुका साथै एस.एम.एस. सुविधासहित मोवाइल बैकिंङ्गको सुविधा प्रदान गरेको छ भने सदस्यको बचत सुरक्षा तथा सेवामा निरन्तर लागिरहेका छौँ ।

सहकारीको मूख्य उद्देश्य आफ्ना सदस्यहरूको हितमा काम गर्नु हो । सदस्यहरूले गरेको व्यवसायलाई टेवा पु¥याउनु, उनीहरूमाथि अरूबाट गरिएको विचौलिया, शोषणलाई अन्त्य गर्नु सदस्यहरूको सिप, क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गर्नु, उत्पादन वृद्धि गर्नु, रोजगारीका अवसर सिर्जना गरी आत्मनिर्भर वनाउनु र सहकारीले गरेको कारोवारबाट आर्जित मुनाफा नियमानुसार पुन: सदस्यहरूमै वितरण गर्नु नै हामी जस्ता सहकारी संस्थाहरुको दायीत्व र जिम्मेवारी हो । यी र यस्तै कार्यहरू यस सहकारीमा हुने हुँदा यो सहकारी मेरो हो, हाम्रो हो र हामी सबैको हो भन्ने भावनाको विकास गराउन संस्था सफल रहेको छ भन्ने हाम्रो विश्वास रहेको छ । सायद यही विश्वासका कारण यो १७ औं वार्षिक साधारण सभा गर्ने क्रममा आईपुग्दा यसका कारोवार वृद्धिका सङ्केतहरूले सकारात्मक परिणाम देखिएका छन् । गत वर्ष लिइएका लक्ष्यहरू पुरा हुने अवस्थामा वर्षको सुरू र अन्तमा तरलता सङ्कटले गर्दा पूर्णरूपमा लक्ष्य पुरा नभएतापनि लक्ष्य नजिक नजिक पुगिएको तल प्रस्तुत हुने प्रतिवेदनले प्रष्ट बनाउने नै छ । यस्तो सङ्कटको अवस्थामा सदस्यहरूलाई आवश्यक पर्ने पर्याप्त रकमको व्यवस्था गरिएको छ तरलता व्यवस्थापनमा कुनै समस्या छैन । सदस्यहरूलाई आर्थिक कार्यबाट कुनैपनि व्यवसाय तथा आवश्यकता पुरा गर्ने तर्फ संस्था सचेत रहेको छ । आगामि दिनमा सदस्य हितका खातिर बढी भन्दा बढी आफूलाई समर्पित गराई

लिइएका लक्ष्य र योजनाहरूलाई समयमै पुरा गर्ने प्रतिवद्धता प्रकट गर्दै आ.व. २०७९/८० को आर्थिक प्रगति विवरण यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) तुलनात्मक रूपमा दायित्वमा लक्ष्य तथा प्राप्ति विवरणः**

| विवरण | गत वर्षको लक्ष्य | असार सम्मको प्राप्ति | घटी/बढी |
|---|---|---|---|
| शेयर पुँजी | १२४८५५००० | ९२४८९१०० | ३२३६५९०० |
| साधारण जगेडा कोष | ७३३२१४५३.९ | ७६५४३४८१.६४ | -३२२२०२७.७१ |
| अन्य कोषहरू | ० | १६८१८१५८.८३ | -१६८१८१५८.८३ |
| ऐच्छिक कोषहरू | ७५३५३९.९ | ६६५६०.०२ | ६८६९७९.८८ |
| बचत हिसाव | ८८३००२६७२ | ६३७३०६७५२.६ | २४५६९५९१८.९ |
| बाह्य ऋण | ६२५००००० .९ | ७१,३३७,९७१.४१ | -८,८३७,९७०.४८ |
| कर्जा जोखिम व्यवस्था | ५१२४३८८० | ६८२८९८०३.८ | -१७०४५९२३.८ |
| भुक्तानी दिनु पर्ने | १६४४९१७३.६ | १७७२७२८७.५६ | -१२७८११३.९३ |
| बचत मुनाफा | ४२८२४२५० | २०२७७३५६.०५ | २२५४६८९३.९५ |
| जम्मा दायित्व | १२५४९४९९७० | ९८०,५७९,११५.८० | -८०५०५४१७.८४ |

**ख) तुलनात्मक रूपमा सम्पत्तिमा लक्ष्य तथा प्राप्ति विवरणः**

| विवरण | गत वर्षको लक्ष्य | असार सम्मको प्राप्ति | घटी/बढी |
|---|---|---|---|
| नगद मौज्दात | ६२,७४,७५० | ७२,४२,३४०.६७ | -९,६७,५९०.६७ |
| बैंक मौज्दात | १४,५९,१०,१४९ | १२,४८,४४,५२३.४ | २,१०,६५,६२५.१२ |
| ऋण लगानी | १,०७,४८,७७,५८६ | ८२,०८,३५,२४७.१ | २५,४०,४२,३३८.९४ |
| वित्तीय लगानी हिसाव | ५३,८४,४३८.५९ | ४४,०९,९४८.७६ | ९,७४,४८९.८३ |
| स्थिर सम्पत्ति तथा उपकरण | १,४७,२१,९६३.३ | १,६४,०८,५७०.७५ | -१६,८६,६०७.४८ |
| पेश्की तथा धरौटी | १२,८६,००० | १७,२१,२५२.५९ | -४३५,२५२.५९ |
| अन्य पाउनु पर्ने हिसाव | २२,५०,००० | ४३,८६,१४१.४१ | -२१,३६,१४१.४१ |
| सामान मौज्दात | ४२,४५,०८४.०२ | ७,३१,०९१.१८ | ३५,१३,९९२.८४ |
| जम्मा सम्पत्ति | १,२५,४९,४९,९७० | ९८,०५,७९,११५.८० | २७,४३,७०,८५४.२० |

**ग) ऋण सापटी तथा फिर्ता**:

सदस्यहरूको ऋण मागलाई संस्थाको आन्तरिक श्रोतबाट पूर्ति गर्नको निमित्त पर्याप्त नभएका कारण गत वर्षसम्म श्रीफर्स्ट माईको फाईनान्स लघु वित्तीय संस्था लि.लाई रू.३,७५,००,०००।- तिर्न बाँकी रहेकोमा यस बर्ष रू.३,४३,७५,०००।- भुक्तानी गरि रू.३१,२५,०००।- तिर्न बाँकी रहेको छ । आरएमडिसि लघुवित्तीय संस्था लि.लाई रु.४९९९३०००। तिर्न बाँकी रहेकोमा यस बर्ष रू.८६,५५,६,९७।-भुक्तानी गरी रू.४,१३,३७,३०३।- तिर्न बाँकी रहेको छ भने यस वर्ष नेफस्कुनसँग रु.३,००,००,०,००।-ऋण लिएकोमा रु.३१२४३३२।- भुक्तानी गरी २,६८,७५,६६८।- तिर्न बाँकी रहेको सहित कुल रू. ७,१३,३७,९७२ ऋण भुक्तानी गर्न बाँकी रहेको छ ।

**घ) सम्पति तथा जायजेथा**:

संस्थाको मण्डनदेउपुर कार्यालय, बनेपा कार्यालय र पाँचखाल कार्यालयमा फर्निचर तथा उपकरण (कम्प्युटर, प्रिन्टर, सि.सि.क्यामरा, मोटर साईकल आदि) गरी जम्मा रू.५१,९२,५८६।३८ बराबरको जम्मा सम्पत्ति सामान रहेको छ ।

**ङ) घर घडेरी**:

संस्थामा गत वर्ष रू. ४७,००,०००।- मूल्य भएको ०-१५-२-२ क्षेत्रफल भएको जग्गा र उक्त जग्गामा निर्मित भवन र पर्खाल गरि रू.६५,१५,९८४.७३ सहित कुल रू. १,१२,१५,९,८४।२१ स्थिर सम्पत्ति रहेको जानकारी गराउन चाहन्छु ।

च) यस वर्ष कार्यालयहरू विस्तार गरी सम्पत्ति सामान १,४७,२१,९६३।२७ पुऱ्याउने लक्ष्य लिएकोमा यस आव देखि नेपाल लेखामान प्रतिवेदन पद्धती (एन.एफ.आर.एस) अनुरूप लेखा परिक्षण गरी प्रतिवेदन तयार गरिएको हुँदा सम्पत्तिमा केही हेरफेर भएकोले सम्पत्तिमा बृद्धि हुन गएको छ । हाल जम्मा रू.१,६४,०८,५७०।७५ सम्पत्ति पुगेको समेत जानकारी गराउन चाहन्छु।

**च) मुनाफा तथा कुल कारोबार** :

संस्थाले गत आव देखि नै नेपाल लेखामान प्रतिवेदन पद्धति (एन.एफ.आर.एस) अनुरूप लेखा परिक्षण गरी प्रतिवेदन तयार गरिएको हुँदा मुनाफामा हेरफेर भएको छ र आगामी वर्षदेखि यसै पद्धतिअनुसार जाने भएकोले सहज र सरल हुने समेत जानकारी गराउन चाहन्छु।

**छ) कोष वृद्धि कार्यक्रम** :

संस्थाले संस्थागत पुँजी वृद्धि गर्ने कार्यक्रम अन्तर्गत ऋण लगानी गर्दा प्राप्त भएको सेवा शुल्क र अन्य शुल्कहरूलाई जगेडा कोषमा र कर्जा जोखिम कोषमा जम्मा गर्दै आएकोमा नेपाल लेखामान प्रतिवेदन पद्धति (एन.एफ.आर.एस) अनुरूप लेखा परिक्षण गरी प्रतिवेदन उक्त आयलाई सोहीबमोजिम गर्न नमिल्ने भएकोले आयमा बाँधी हिसाब गरिएकोमा र कर्जा जोखिम व्यवस्था कर्मचारी बोनस कोष र कर कट्टि गरी रू. २,०२,७७,३५६।०५ भएको छ उक्त रकमलाई कोषहरुमा बिभाजन गरिएको छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

अब म यस सभा समक्ष आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व २०८०/८१ को लागि वार्षिक अनुमानित बजेट

| **दायित्व तर्फ :** | | | |
|---|---|---|---|
| **विवरण** | **गत वर्षको प्रस्तावित** | **यथार्थ** | **चालु आर्थिक वर्षको प्रस्तावित** |
| शेयर पुँजी | १२,४८,५५,००० | ९,२४,८९,१०० | १२,७४,८९,१०० |
| साधारण जगेडा कोष | ७,३३,२१,४५३.९३ | ७,६५,४३,४८१.६४ | ८,३४,८९,८३४.२८ |
| अन्य कोषहरू | ० | १,६८,१८,१५८.८३ | ५६,५३,०१३.०३ |
| ऐच्छिक कोषहरू | ७,५३,५३९.९ | ६६,५६०.०२ | ७,१६,५६०.०२ |
| बचत हिसाव | ८८,३०,०२,६७१.५ | ६३,७३,०६,७५२.६ | ८२,७३,०६,७५२.६ |
| बाह्य ऋण | ६,२५,००,०००.९३ | ७१,३३७,९७१.४१ | ४,६७,९१,६६६.८९ |
| कर्जा जोखिम व्यवस्था | ५,१२,४३,८८० | ६,८२,८९,८०३.८ | ६,७८,२१,३९३.९६ |
| भुक्तानी दिनु पर्ने | १,६४,४९,१७३.६३ | १,७७,२७,२८७.५६ | १,७४,३५,८४५.४५ |
| अवितरित मुनाफा | ४,२८,२४,२५० | (२,०२,७७,३५६.०५) | ४,३५,६१,२०५.०० |
| जम्मा दायित्व | १,२५,४९,४९,९७० | ९८,०५,७९,११५.८० | १,२३,२७,६५,३७१ |

| सम्पत्ती तर्फ : | | | |
|---|---|---|---|
| **विवरण** | **गत वर्षको प्रस्तावित** | **यथार्थ** | **चालु आर्थिक वर्षको प्रस्तावित** |
| नगद मौज्दात | ६२,७४,७५० | ७२,४२,३४०.६७ | ७५,००,००० |
| बैंक मौज्दात | १४,५९,१०,१४८.५ | १२,४८,४४,५२३.४ | १८,०२,९७,१०२ |
| ऋण लगानी | ५३,८४,४३८.५९ | ८२,०८,३५,२४७.१ | ५५,५९,९४८ |
| वित्तीय लगानी हिसाव | १,०७,४८,७७,५८६ | ४४,०९,९४८.७६ | १,०१,३१,५०,९२६ |
| स्थिर सम्पत्ति तथा उपकरण | १२,८६,००० | १,६४,०८,५७०.७५ | १६१९५६८४.४ |
| पेश्की तथा धरौटी | २२,५०,००० | १७,२१,२५२.५९ | १२७८५६७.२५ |
| अन्य पाउनु पर्ने हिसाव | १,४७,२१,९६३.२७ | ४३,८६,१४१.४१ | ७५५२०५१.५४ |
| सामान मौज्दात | ४२,४५,०८४.०२ | ७,३१,०९१.१८ | १२,३१,०९१ |
| **जम्मा सम्पत्ति** | **१,२५,४९,४९,९७०** | **९८,०५,७९,११५.८०** | **१,२३,२७,६५,३७१** |

## आव २०८०/८१ को अनुमानित आय व्यय विवरण :

| आम्दानी तर्फ | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **आय विवरण** | **गत वर्षको प्रस्तावित** | **यथार्थ** | **चालु आर्थिक वर्षको प्रस्तावित** |
| १ | ऋणमा ब्याज | १४,९३,२४,३०० | १२,९९,८८,५७९.७० | १७,४७,८५,१६२ |
| २ | बैंक ब्याज | ७५,२२,६४५ | ६५,३६,११०.८७ | ८०,५०,००० |
| ३ | वित्तीय आम्दानी | ० | ० | २५०००० |
| ४ | लाभांश प्राप्त | ५,४२,००० | ५,४१,३९०.०७ | ५,४०,००० |
| ५ | सेवा संचालनबाट | ३५,००,००० | ३९,६१,२६१.१० | ३५,००,००० |
| ६ | प्रवेश शुल्क | २,४८,००० | ५२,९००.०० | ३,५०,००० |
| ७ | मसलन्द/सामान बिक्री | ११,१५,५६८.५७ | ५,८९,३०९.०९ | १२,००,००० |
| ८ | व्यवस्थापन शुल्क | ० | ० | ३५,००,००० |
| ९ | छुट/कमिशन | ३,५०,००० | १,१३,४८९.७१ | २,००,००० |
| १० | अन्य आम्दानी | ० | ६९,९३९.३४ | ० |
| | **जम्मा आय** | **१६,२६,०२,५१३.६** | **१४,९६,३४,१६२.९९** | **१९,२३,७५१६२** |

| खर्च तर्फ | | | | |
|---|---|---|---|---|
| क.सं. | आय विवरण | गत वर्षको प्रस्तावित | यथार्थ | चालु आर्थिक वर्षको प्रस्तावित |
| १ | बचतमा ब्याज | ७,२२,०३,६८० | ६,३६,६५,७३२.३ | ९,०२,५४,६०० |
| २ | ऋणमा ब्याज | ७५,२६,९३३ | १,१६,१९,४०४.१२ | ९५,००,००० |
| ३ | ऋणमा हर्जना तथा ब्याज छुट | | ४,७२,१०१.८७ | १०,००,००० |
| ४ | सेवा शुल्क | १०,००,००० | ६,५०,००० | ५,००,००० |
| ५ | ऋण सुरक्षण खर्च | ७,५०,००० | २,८२,८७,३८७.७८ | १,२५,००,००० |
| ६ | कर्मचारी खर्च | १,४३,००,००० | १,३२,१२,५२७.६२ | १,५२,४२,९९५ |
| ७ | साधारण सभा खर्च | २५,८०,००० | ३५,९६,५३१.९४ | ४०,३२,४७६ |
| ८ | निर्वाचन खर्च | ० | ० | २,५०,००० |
| ९ | सदस्यता नवीकरण | ३,७५,००० | १,६८,०७४ | १,८५,०४५ |
| १० | स्टेशनरी तथा मसलन्द | ८,५४,५०० | ६,१७,७५७.०७ | २,५०,००० |
| ११ | छपाई/प्रकाशन | ३,७५,००० | ० | ९,३६,८४५ |
| १२ | शिक्षा/तालिम | ३,१५,००० | ९१,७९५ | ७,१५,५०० |
| १३ | सुचना सञ्चार | ४,८०,००० | ४,८८,७४४.७७ | ४,८०,००० |
| १४ | खानेपानी/ विद्युत | ३,३०,००० | १,७२,६९६.८५ | २,८९,२०० |
| १५ | पुरस्कार तथा सम्मान | २,५०,००० | ० | १,५०,००० |
| १६ | यातायात भ्रमण | | ३०,६६० | ६०,००० |
| १७ | बैठक खर्च/भत्ता | ९,४५,५०० | ४,५७,००० | १२,६६,००० |
| १८ | आतिथी सत्कार | ३,००,००० | २,८६,५६४.९२ | ३,००,००० |
| १९ | नखप्ने सामान | | | १,८०,००० |
| २० | पत्रपत्रिका | १५,००० | ० | १५,००० |
| २१ | मर्मत सम्भार | ४,००,००० | २,९८,९०१.४९ | ४,५०,००० |
| २२ | ईन्धन खर्च | २,७५,००० | १,८३,२५० | २,७५,००० |
| २३ | ढुवानी/ज्याला | २५,००० | १९,०५५ | २५,००० |
| २४ | भैपरि आउने | २,००,००० | | २,००,००० |
| २५ | ह्रास कट्टि खर्च | १५,००,००० | १२,३०,२७९.७७ | २२,००,००० |
| २६ | घर भाडा खर्च | १०,०८,००० | ४,९९,९८९ | ५,६७,१२० |
| २७ | लेखापरिक्षण शुल्क | ३,००,००० | २,६९,९४१.१८ | ३,००,००० |
| २८ | विज्ञापन खर्च | ५०,००० | ११,५०० | ९१,००० |
| २९ | कर खर्च(न.पा) | ३०,००० | ३१,७२७ | ३०,००० |
| ३० | रणनीतिक योजना तर्जुमा | | | ३,७८,००० |
| ३१ | योजना निर्माण | | | १,२६,००० |
| ३२ | समिक्षा गाष्ठि | | | २,१०,००० |
| ३३ | कार्यकुशलता तथा सिकाई कार्यशाला | | | १,२५,००० |

| | | | | |
|---|---|---|---|---|
| ३४ | सदस्य विस्तार भेला एकिकरण | | | १,५०,००० |
| ३५ | शिविर ( स्वास्थ्य)/रक्तदान | | | ३,३०,००० |
| ३६ | घुम्ती सेवा/ घर दैलो | | | २,००,००० |
| ३७ | संस्था स्थापना दिवस | | | ५०,००० |
| ३८ | सहकारी दिवस (राष्ट्रिय अन्तराष्ट्रिय) | | | २५,००० |
| ३९ | सदस्य शिक्षा शिविर/ वित्तीय साक्षरता | | | २,७०,००० |
| ४० | सदस्य सर्वेक्षण कार्यक्रम | | | २,३२,५०० |
| ४१ | ऋण सम्बन्धि अन्तक्रिया | | | १,५०,००० |
| ४२ | विमा खर्च | ७,९४,६५० | ६,१५,५७० | ९,१०,६७५ |
| ४३ | सहकारी अध्ययन अवलोकन भ्रमण खर्च | ७,५०,००० | १५,८७५ | ५,५०,००० |
| ४४ | वाल विकास कार्यक्रम | २,००,००० | ० | १,८०,००० |
| ४५ | अतिरिक्त कृयाकलाप | १,८०,००० | ० | १,००,००० |
| ४६ | सामाजिक उत्तरदायित्व | २,५०,००० | ० | १६,४१,००० |
| ४७ | सदस्य लक्षित अन्य कार्यक्रमहरु | १५,००,००० | २२,६७८ | ५,९०,००० |
| ४८ | कृषि कार्यक्रमहरु | | | ३५०००० |
| ४९ | कर्मचारी बोनस | ४२,८२,४२५.०५७ | २१,१६,९५०.१३ | ४३,५६,१२० |
| ५० | आयकर व्ययस्था | २८,९०,६३६.९१३ | ८,९२,१४५.२६ | ३९,२०,५०८ |
| ५१ | राहत कोष व्यवस्था | | ० | १७,६४,२२८ |
| ५२ | जम्मा | | १२,९३,५६,८०६.९४ | १५८८५४८१२.०० |
| ५३ | खुद मुनाफा | ३५,६५१,१८८.६० | २,०२,७७,३५६.०५ | ३,५२,८४,५७६ |
| | **जम्मा** | **१६,२६,०२,५१३.५७** | **१४,९६,३४,१६२.९९** | **१९,२३,७५,१६२** |

**बजेटको आधार र सीमा:**

आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट निम्न आधारमा तयार गरिएको छ :

क. सदस्यता वृद्धि ३६ प्रतिशतले, शेयर पुंजी ३७ प्रतिशतले, वचत सङ्कलन २९ प्रतिशतले ऋण लगानी २३ प्रतिशतले र कुल कारोबार २५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

ख. विद्यमान आर्थिक मन्दीको अवस्थामा सुधार आएमा कर्मचारी तलबमा वृद्धि र समायोजन हुने, कर्मचारीहरूको पदोन्नति तथा थप हुने, समिति र उपसमितिहरूको बैठक भत्ता यथावत हुने अनुमान गरिएको छ ।

ग. आम्दानीका शीर्षकहरूमा ३६ प्रतिशतले वृद्धि हासिल गर्ने अनुमान गरिएको छ ।

घ. खर्चका शीर्षकहरूमा २३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

ङ. आयकरमा (१० प्रतिशतले हुन आउने रकम) १०० प्रतिशतले व्यवस्था गर्ने लक्ष्य राखिएको छ ।

च. आयकर पछिको खुद रहेको बाँकी बचतबाट सदस्य सुरक्षण कोषमा ५ प्रतिशत रकम व्यवस्था गर्ने ।

छ. जगेडा कोषलाई कम्तिमा ८ प्रतिशत कायम गर्ने ।

ज. भाखा नाघेको ऋणलाई ५ प्रतिशतमा सीमित गर्ने

झ. सुरक्षण कोषमा अपुग रकम आयकर व्यवस्था गरेर बाँकी रहेको खुद बचतबाट रकम व्यवस्था गर्ने

ञ. ब्राण्डिङ कार्यक्रममा सहभागिताका कारण पर्ल्स तथा हिमालका सूचकाङ्कहरूमा अनिवार्य व्यवस्था गरिने छ ।

ट. संस्थागत उत्तरदायित्व र वित्तीय कारोबारको तर्फबाट कार्यक्रमहरूमा सदस्यहरूको राम्रो सहभागिता रहने अपेक्षा गरिएको छ ।

ठ. संस्थाले बचतमा प्रदान गर्ने ब्याज तथा ऋणमा लिइने ब्याजदरमा समय सापेक्ष हेरफेर हुने छ ।

ड. सदस्यता र कारोबार बृद्धिको आधारमा उत्कृष्ट कर्मचारीलाई प्रोत्साहित गरिने छ । बोनस, ग्रेड र बढुवाको अवसर प्रदान गरिने छ ।

ढ. प्रबिधि मैत्रि सेवा कागजातरहित सेवामा जोड दिई मोबाईल बैंकिङ्ग, एस.एम.एस सेवा, आफ्नै एप्स सञ्चालन, क्युआरकोडको व्यवस्था र ट्याब्लेटमार्फत् बचत सङ्कलन तथा ऋणका सबै कागजातहरु स्वचालीत बनाईने ।

ण. सबै सदस्यको दुर्घटना विमा गराईने छ ।

त. रु. ३ लाख सम्मको ऋणको लघुविमा गराईने छ ।

थ. सदस्य प्रोत्साहन अनुरूप उत्कृष्ट सदस्य, समुह तथा ऋणीहरूलाई पुरस्कृत तथा सम्मान गरिने छ ।

**अन्त्यमा,**

माथि उल्लेखित आर्थिक लक्ष्यहरू प्राप्त गर्नको लागि सम्पूर्ण सदस्यहरूको साथ र सहयोग अवश्यम्भावी छ र रहनेछ भन्ने अभिलाषा लिँदै प्रस्तुत प्रतिवेदन उपर गम्भीर छलफल गरी राय सुझावसहित पारित गरी दिनुहुनेछ भन्ने विश्वासका साथ यस्तो व्यस्त समयमा पनि संस्थाको उन्नति र प्रगतिका निमित्त हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, सम्पूर्ण शेयर सदस्यज्यूहरू, लेखा समितिका मित्रहरू, विभिन्न उप-समितिमा रहेर आ-आफ्नो भूमिका निर्वाह गर्नुहुने सहकर्मी मित्रहरू, यस प्रतिवेदन तथा बजेट तयार पार्न सहयोग पुऱ्याउनुहुने कर्मचारी साथीहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै प्रतिवेदन तथा बजेट उपर गहन छलफल गरी संस्थालाई प्रगतितर्फ लैजान रचनात्मक सल्लाह सुझाव सहित पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दै विदा हुन चाहन्छु ।

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



***- बद्रिप्रसाद आचार्य, संयोजक***

यस गरिमामय १७ औं साधारण सभाका सभाध्यक्ष एवं संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु , मञ्चमा आसिन विभिन्न संघ संस्थाको प्रतिनिधित्व गर्दै पाल्नु हुने अतिथिज्यूहरु, पत्रकार मित्रहरु, ऋण उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, शिक्षा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, महिला उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, स्वस्थ्य उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, व्यवसाय प्रवर्द्धन उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, लेखा तथा सुपरिवेक्षण समितिका सहकर्मी मित्रहरु, संस्थाका व्यवस्थापक तथा कर्मचारी मित्रहरु साथै यस गरिमामय सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य एंव प्रतिनिधिज्यूहरु लगायत संस्थाका शुभ चिन्तक तथा शुभेच्छुक मित्रहरूमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन ब्यक्त गर्दछौं ।

देशको राजधानी काठमाडौंलाई दुध तथा तरकारी आपूर्ति गरी कृषि उत्पादनको उर्वर भूमीको रुपमा आफूलाई स्थापित गर्न सफल काभ्रे जिल्लाका सबै पालिकाहरुलाई कार्यक्षेत्र बनाइ सञ्चालन भईरहेको यस आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि. ले आृनो १७ औं साधारण सभा भब्यताका साथ सम्पन्न गर्न गईरहेको यस शुभ अवसरमा लेखा तथा सुपरिवेक्षण समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न चाहान्छौं ।

### १) अघिल्लो साधारण सभाको निर्णयहरू कार्यान्वयनको अवस्था :-

संस्थाको मिति २०७९ असोज ३ गते सम्पन्न सोह्रौ वार्षिक साधारण सभाद्वारा पारित अधिकांश निर्णयहरू कार्यान्वयन भएको पाइयो । ती मध्ये केही निर्णयहरूलाई बुदाँगत रुपमा उल्लेख गर्न चाहन्छौं ।

१.१) सञ्चालक समिति/लेखा समिति/विभिन्न उपसमिति तथा कर्मचारीहरुलाई वार्षिक लक्ष्य हस्तान्तरण गरी स्वमूल्याङ्न गरिएको पाइयो ।

१.२) संस्थाका आर्थिक कारोवारहरूलाई समय सापेक्ष प्रविधिमैत्री बनाउँदै लैजाने क्रममा विद्युतीय कारोवार आन्तरिक कार्यविधि पारित गरि ई.बैकिङ्ग तथा कनेक्ट आइपिएसको सुविधा लिने निर्णय गरी कार्यान्वयन गरिएको पाइयो ।

१.३) संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत २०७९ पौष १ गते माध्यमिक तह (कक्षा ९-१०) स्तरीय निबन्ध प्रतियोगिता सम्पन्न गरिएको ।

१.४) निर्जीवन विमा अर्न्तगत अजोड विमा कम्पनीसँग संस्थाले अभिकर्ता लिई पशुपंक्षी तथा बाली विमाको कार्यक्रमलाई अगाडि बढाएको पाइयो ।

१.५) जीवन विमा अन्तर्गत सिटिजन लाइफ विमा कम्पनीसँग संस्थाले अभिकर्ता लिई लघु ऋण विमाको कार्यक्रमलाई अगाडि बढाएको पाइयो ।

१.६) संस्थाको भाका नाघेको ऋण असुली गर्न कानुनी सल्लाहकारमार्फत मनोनित गरी आवश्यक प्रक्रिया अगाडि बढाएको पाइयो ।

१.७) कार्यालय सुरक्षाको लागि आवश्यक उपकरण खरिद गरि व्यवस्थापन मिलाइएको पाइयो ।

१.८) संस्थाको कार्यविधि र निर्देशिकाहरुलाई पुनरावलोकन गर्ने काम गरिएको ।

## २) आ.व २०७९/०८० को बैठक संख्या र कार्यान्यनको अवस्था :-

२.१) सञ्चालक समितिको बैठक ९ पटक बसी आवश्यक निर्णयसहित कार्यान्वयन गरेको पाइयो ।

२.२) संचालक समिति तथा उपसमितिको संयूक्त बैठक ५ पटक बसी आवश्यक निर्णय गरेको पाइयो ।

२.३) लेखा सुपरिवेक्षण समितिको बैठक ६ पटक बसी आवश्यक निर्णय गरियो ।

२.४) ऋण लगानी तथा असुली उपसमितिको बैठक १३ पटक बसी ३२ जना सदस्यको ऋण स्विकृत, ३ जना सदस्यको फाइल स्विकृतिको लागि संचालक समितिमा सिफारिस गरेको पाइयो ।

२.५) पदपुर्ति उपसमितिको बैठक १ पटक, स्वास्थ्य उपसमितिको १ पटक, शिक्षा उपसमिति १ पटक, व्यवसाय प्रवर्द्धन उपसमितिको १, बजेट मस्यौदा उपसमिति १, कार्ययोजना निर्माण उपसमिति १, अर्धबार्षिक समीक्षा १ पटक बैठक बसी आवश्यक निर्णय गरेको पाइयो ।

**३) ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी ब्यवस्था :-**

३.१) संस्थाको ऋण लगानीमा पाँच लाखसम्म ऋण अधिकृत वा सेवाकेन्द्र प्रमुखलाई, सो भन्दामाथि तीस लाखसम्म प्रमुख कार्यकारी अधिकृतलाई, सोभन्दा माथि पचहत्तर लाखसम्म ऋण समितिको निर्णयबाट र सोभन्दा माथि ऋण समितिको सिफारिसमा सञ्चालक समितिबाट ऋण लगानी गर्दै आइरहेको पाइयो ।

३.२) ऋण लगानीमा दुई लाखसम्म शेयर सदस्यको शेयर तथा वचत जमानतमा, सोभन्दा माथि १० लाखसम्म ऋण विभागबाट धितो निरिक्षण गरी तथा १० लाखभन्दा माथिको ऋणमा धितो मुल्यांकनकर्ता ह्याप्पि होम ईन्जिनियरिङ्ग सोलुसन, आरम्भ ईन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड रिसर्ज सेन्टर तथा हिमालयन गोर्जेज प्रा.लि.बाट धितो मुल्यांकन गराई सुरक्षित ऋण लगानी गर्दै आइरहेको।

३.३) आ.व २०७९/०८० को असार मसान्तसम्ममा ५ जना सञ्चालक समिति तथा लेखा समिति सदस्य तथा एकाघर परिवारले ऋण कारोवार गर्नु भएकोमा कसैको पनि असार मसान्तसम्मको ब्याज तथा किस्तामा भाका ननाघेको पाइयो ।

**४) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी विवरण :-**

यस संस्थाले सहकारी ऐन-२०७४, सहकारी नियमावली-२०७५, वागमती प्रदेश सहकारी ऐन तथा नियमावली-२०७६, मापदण्ड-२०६८, सहकारी विभागबाट जारी गरिएको निर्देशन तथा विभिन्न संस्था नियमन गर्ने निकाएको निर्देशन तथा निर्देशिकाहरू र संस्थाको विनियम आदिको पालना गरी नियमानुसार पूर्णरूपले कार्यान्वयन गरेको पाईयो ।

**५) सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिईएको प्रतिवेदन अनुसारका निर्देशन सुझावहरू कार्यान्वयन सम्बन्धी विवरण :-**

संस्थाले प्राप्त गरेका निर्देशन तथा सुझावहरू पूर्णरूपमा पालना गर्दै आएको र सहकारी ऐन, नियम तथा संस्थाको विनियममा उल्लेख नभएका विषयमा सम्बन्धित निकायको स्वीकृति लिएर कार्य गर्दै आएको पाईन्छ ।

**६) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :-**

६.१) संस्थाका कुनै पनि पदाधिकारीहरुले पारिश्रमिक लिने नगरेको ।

६.२) सञ्चालक समितिले बैठक बसेको बेलामा प्रति बैठक रु.२०००/- भत्ता लिने गरेको ।

६.३) लेखा सुपरिवेक्षण समितिले बैठक बसेको बेलामा प्रति बैठक रु.२०००/- भत्ता लिने गरेको छ ।

६.४) ऋण तथा अन्य उपसमितिले प्रति बैठक रु १५००/- भत्ता लिने गरेको पाइयो ।

**७) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :-**

७.१) साधारण सभाबाट पारित मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि भए/ नभएको :- **भएको**

७.२) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको / नल्याइएको :- **ल्याइएको**

७.३) भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको /नभएको :- **भएको**

७.४) कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको / नरहेको :- **रहेको**

७.५) प्रमुख कार्यकारी अधिकृतको योग्यता र क्षमता सम्बन्धि विवरण :- व्यवस्थापनमा स्नातक र कार्य सम्पादनमा सक्षम हुनुका साथै सहकारी विभागबाट संचालित विभिन्न तालिमहरू जस्तै सम्पत्ति शुद्धीकरण निवारण, Personal Change & Motivation, International Programme on Training Techniques for Trainers of Co-operative, SACCOS CEOs'- 2016,Taxation & VAT, व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम प्राप्त गरेको पाईयो ।

७.६) **कर्मचारीको भर्ना प्रकिया र संख्या:** संस्थाको मानव संशाधन व्यवस्थापन नियमावली २०६६ संसोधित २०७९ को व्यवस्थाअनुसार प्रक्रिया पुऱ्याइ कर्मचारी नियुक्ति गरेको देखिन्छ । संस्थामा २०७९ असार मसान्तसम्ममा देहायका प्रकृति र संख्यामा कर्मचारी कार्यरत देखिन्छ ।

| | |
|---|---|
| ७.६.१) करार/प्रशिक्षण | - ५जना |
| ७.६.२) नियमित | - २३ जना |
| जम्मा | - २८ जना |

**८) लेखा समितिले यस अघि दिइएको प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको**

अवस्थाः- लेखा तथा सुपरिवेक्षण समितिले दिईएका सुझावहरूलाई कार्यान्वयनमा लैजान संचालक समिति सक्रिय रहेको पाईयो ।

## ९) लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :-

९.१) संस्थाले शेयर सदस्यहरुको आय आर्जनमा वृद्धि, सदस्यको सरोकारका विषयमा कार्यक्रमहरू केन्द्रित गर्दै सदस्यको वृद्धि विकासका लागि ठोस कार्यक्रमहरू तय गर्नु पर्ने ।

९.२) संस्थागत सुरक्षित ऋण लगानीमा आयस्रोतको वास्तविक पहिचान, ऋण जोखिम नहुन विशेष विश्लेषणको व्यवस्थापनमा ध्यान दिनुपर्ने ।

९.३) संस्थागत लक्ष्य प्राप्तीमा जोड, कार्यसम्पादनमा प्रभावकारिता, कर्मचारीहरूको संस्थाप्रतिको अपनत्व तथा कार्यदक्षता बृद्धि गर्न समयानुकूल निर्णय गरी कार्यान्वयन गर्नुपर्ने ।

## १०) लेखा समितिको सुझावहरू :-

१०.१) सम्पूर्ण उप समितिको थप क्रियाशीलताको लागि सञ्चालक समितिले पहल गर्नु पर्ने देखिन्छ ।

१०.२) किस्ता तथा पूर्ण भाका नाघेको ऋण समयमै असुल उपर गर्नको लागि सञ्चालक समितिले विशेष कार्यक्रम बनाएर अगाडि बढ्नु पर्ने देखिन्छ ।

१०.३) त्रि-वर्षीय योजनाको लक्ष्य प्राप्तिको लागि तयार भएको वार्षिक योजना अन्तर्गत त्रैमासिक कार्य योजनासहित सञ्चालक समितिले ठोस कार्यक्रम तय गर्नु पर्ने देखिन्छ ।

अन्त्यमा हामीलाई लेखा समितिको कामका दौरानमा साथ र सहयोग गर्नुहुने सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, आर्थिक विभाग, ऋण विभाग, सेवाकेन्द्र प्रमख तथा कर्मचारीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै निरन्तर साथ र सहयोगका लागि अनुरोध गर्दछौं ।

जय सहकारी !      जय बचत !      जय आर्थिक विकास !

| | | |
|---|---|---|
| रामकृष्ण बोलखे | जान्दवी अधिकारी | बद्रिप्रसाद आचार्य |
| सदस्य | सदस्य | संयोजक |

**P.B.K.P. & Associates**
**Chartered Accountants**
PAN:- 615976549
Firm Reg No.: 971

Sohrakhutte, kathmandu-16
+977-9806798031
admin@pbkp.com.np
www.pbkp.com.np

# आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले यसै साथ संलग्न आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पाँचखाल ०४, काभ्रेपलाञ्चोकको ३१ असार २०८० को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगदप्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखानीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय,**

रायका आधारमा लेखिएका कुराहरु तथा त्यसबाट वित्तिय विवरणहरुमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरु लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा, ३१ आषाढ २०८० को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आ.व.को संचालन नतिजा र नगद प्रवाहको सही चित्रण गरेको छ र यी विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान **(NFRS)** र सहकारी ऐन तथा नियमावली अनुसार ठीकसँग तयार गरिएका छन् ।

**रायका आधारहरु,**

हामीले लेखापरीक्षणमान अनुसार हाम्रो लेखापरीक्षण सम्पन्न गऱ्यौं । हामीले वहन गर्नु पर्ने उक्त मान अनुरूपको उत्तरदायित्व पुनः अर्को सेक्सन "वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व" अन्तर्गत वर्णन गरिएको छ । हामी वित्तीय विवरणको लेखापरीक्षण गर्न सान्दर्भिक नैतिक आवश्यकताको साथै प्रोफेशनल एकाउन्टेन्टको लागि आइक्यानको ह्यान्ड बुकअन्तर्गत आचारसंहिताको बमोजिम संस्थासँग स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरूका साथै अन्य नैतिक जिम्मेवारीहरू आइक्यानको प्रोफेशनल एकाउन्टेन्टको लागि नैतिक पुस्तिकाअनुसार पूरा गरेका छौं । हामीले प्राप्त गरेको लेखापरीक्षणका प्रमाणहरूले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्दछ भन्नेमा हामी विश्वस्त छौं ।

P.B.K.P. & Associates
Chartered Accountants
PAN:- 615976549
Firm Reg No.: 971

Sohrakhutte, kathmandu-16
+977-9806798031
admin@pbkp.com.np
www.pbkp.com.np

**अन्य कुराहरू**

लेखापरीक्षणको कममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसँग सम्बन्धित कमजोरीहरू तथा सो को निराकरणका लागि दिइएका सुझावहरू (व्यवस्थापनपत्र) प्रति यहाँहरूको ध्यानाकर्षण गर्दछौं । यस विषयका कारण माथि उल्लेख गरिए अतिरिक्त हाम्रो रायको सन्दर्भमा कुनै परिमार्जन भएको छैन ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ ।

P.B.K.P. & Associates
Chartered Accountants
PAN:- 615976549
Firm Reg No.: 971

Sohrakhutte, kathmandu-16
+977-9806798031
admin@pbkp.com.np
www.pbkp.com.np

यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष हाम्रो लेखा परीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित छ ।

**मन्तव्य**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौ कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनमा उल्लेखित टिप्पणीहरू वाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा संस्थाको कारोबार सन्तोषजनक रूपमा सञ्चालन भएको र संस्थाको अख्तियारीभित्र रहेको पायौं ।

च) संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

**अन्य कानूनी तथा नियमकारी आवश्यकता अनुसारको प्रतिवेदन**

माथि उल्लिखित व्यहोराको अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई उपलब्ध सूचना तथा स्पष्टीकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं ।

१. हामीलाई लेखापरीक्षणको लागि आवश्यक सूचना तथा स्पष्टीकरणहरु यथाशीघ्र पायौं ।

२. हाम्रो लेखापरीक्षणको आधारमा संस्थाले

- सहकारी सिद्धान्त, मूल्यमान्यताअनुरुप काम गरेको पायौं ।

P.B.K.P. & Associates
Chartered Accountants
PAN:- 615976549
Firm Reg No.: 971
Sohrakhutte, kathmandu-16
+977-9806798031
admin@pbkp.com.np
www.pbkp.com.np

- लेखापालनमा माथि रायको आधारमा जनाइएको कैफियतबाहेक ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौं ।
- ऐनको दफा ६८, ६९ र ७० मा व्यवस्था गरेबमोजिमको कोषहरुमा बचत रकम जम्मा गरेको पायौं ।

**सिए.प्रकाश के.सी**

**साझेदार**

मिति : २०८०।०५।१९ गते

स्थान: पाँचखाल -०४,काभ्रेपलाञ्चोक

नेपाल ।

**पी.बि.के.पी. एण्ड एसोसिएट्स**

**चार्टर्ड एकाउन्टेन्ट्स**

**UDIN Number:**

डि.स.का.द.नं. २२३/१०२

प्यान नं. ३०३१२२१४३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

**आर्थिक विकास मित्र**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.**

### २०८० साल आषाढ मसान्तको
### वित्तीय स्थितिको विवरण पत्र(वासलात)

| सम्पत्ति | अनुसूची | अषाण मसान्त २०८० रु | अषाण मसान्त २०७९ रु |
|---|---|---|---|
| नगद तथा नगद समान | ४.१ | ७,२४२,३४०.६७ | ६,९१९,१७३.६० |
| बैंक तथ वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ७४,८४४,५२३.३८ | ६६,६५०,६७५.४८ |
| ऋण लगानी | ४.३ | ७५२,५४५,४४३.२६ | ७७०,१२३,८०३.२५ |
| वित्तीय लगानी हिसाव | ४.४ | ५४,४०९,९४८.७६ | ३४,२३४,४३८.५९ |
| चालु कर सम्पत्ति | ४.५ | १,१७१,४२९.७९ | १२०,२६३.२३ |
| लगानी सम्पत्तिहरु | ४.६ | - | - |
| सम्पत्ति तथा उपकरण | ४.७ | १६,४०८,५७०.७५ | १५,४४२,४३१.९५ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.८ | ११,४०५.७४ | १५,२११.१३ |
| स्थगन कर सम्पत्ति | ४.९ | २०१,३५१.७३ | १५,८९७.०२ |
| अन्य सम्पत्ति | ४.१० | ५,४५४,२९७.९२ | ३,०३५,०२९.७५ |
| **कुल सम्पत्ति** | | ९१२,२८९,३११.९९ | ८९६,५५६,९२४.०० |

| पूंजी तथा दायित्व | अनुसूची | अषाण मसान्त २०८० रु | अषाण मसान्त २०७९ रु |
|---|---|---|---|
| **दायित्वहरु** | | | |
| तिर्न बाँकि कर्जा सापट | ४.११ | ७१,३३७,९७१.४१ | ८७,४९३,०००.९३ |
| सदस्यबाट निक्षेप दायित्व | ४.१२ | ६३७,३०६,७५२.५८ | ६१८,००२,६७१.४९ |
| चालु कर दायित्व | ४.५ | - | - |
| व्यवस्था | ४.१३ | - | - |
| स्थगन कर दायित्व | ४.९ | - | - |
| पट्टा दायित्व | ४.१४ | २,२४८,४११.४८ | १,५५२,९६५.०७ |
| अन्य दायित्व | ४.१५ | १५,४७८,८७६.०८ | १६,८७७,३२३.८७ |
| कूल दायित्व | | ७२६,३७२,०११.५५ | ७२३,९२५,९६१.३६ |
| **पूंजी** | | | |
| शेयर पुँजी | ४.१६ | ९२,४८९,१००.०० | ८७,३५५,०००.०० |
| साधारण जगेडा कोष | | ७६,५४३,४८१.६४ | ६३,५४८,९३९.३८ |
| अन्य कोषहरु | ४.१७ | १६,८८४,७१८.८५ | २१,७२७,०२३.४० |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य पूँजी** | | १८५,९१७,३००.४९ | १७२,६३०,९६२.७८ |
| **गैर नियन्त्रण स्वार्थ** | | | - |
| **कुल पुँजी तथा दायित्व** | | ९१२,२८९,३११.९० | ८९६,५५६,९२४.०० |
| **सम्भावित दायित्व र प्रतिवद्धता** | ४.१८ | | |
| **प्रति शेयर खुद सम्पत्ति मुल्य** | रु | २०१ | १९८ |

*हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार*

| | | | |
|---|---|---|---|
| मनुप सापकोटा<br>आर्थिक विभाग प्रमुख | ठाकुरनाथ अधिकारी<br>प्रमुख कार्यकारी अधिकृत | बद्रि प्रसाद आचार्य<br>ले.सु.स. संयोजक | हाम्रो आजको मितिको<br>संलग्न प्रतिवेदनको आधारमा |
| रानज कार्की<br>कोषध्यक्ष | नारायण प्र. ढुंगाना<br>सचिव | सरोज सापकोटा<br>अध्यक्ष | सि.ए. प्रकाश के.सी.<br>पी.बी.के.पी. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

डि.स.का.द.नं. २२३/१०२ पान नं. ३०३१२२१५३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

नेफस्कुन

# आर्थिक विकास मित्र
## बचत तथा ऋण सहकारी संस्था लि.
Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

मिति २०७९ श्रावण १ गते देखि २०८० आषण ३१ गते सम्म

### नाफा नोक्सान विवरण

| विवरण | अनुसूची | अषाण मसान्त २०८० रु | अषाण मसान्त २०७९ रु |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१९ | १३६,५२४,६९०.५७ | १०७,७१४,६०७.४५ |
| न्यून ब्याज छुट खर्च | | ४७२,१०१.८७ | - |
| ब्याज खर्च | ४.२० | ७५,६७६,५८९.५३ | ५६,७२१,५६९.३६ |
| **खुद ब्याज आम्दानी** | | **६०,३७५,९९९.१७** | **५०,९९३,०३८.०९** |
| शुल्क तथा कमिशन आम्दानी | ४.२१ | १२,५३८,६५७.०० | १४,२८३,४५५.६३ |
| शुल्क तथा कमिशन खर्च | ४.२२ | - | - |
| **खुद शुल्क र कमिशन आम्दानी** | | **१२,५३८,६५७.००** | **१४,२८३,४५५.६३** |
| **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | | **७२,९१४,६५६.१७** | **६५,२७६,४९३.७२** |
| खुद व्यापार आम्दानी | ४.२३ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२४ | ५७०,८१५.४२ | ४८६,७३७.८९ |
| **जम्मा संचालन आम्दानी** | | **७३,४८५,४७१.५९** | **६५,७६३,२३१.६१** |
| कर्जाको क्षति प्रभार/(विपर्यय) तथा अन्य हानी | ४.२५ | २८,२८७,३८७.८० | २१,६४६,८३५.०२ |
| **खुद सञ्चालन आम्दानी** | | **४५,१९८,०८३.७९** | **४४,११६,३९६.५९** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२६ | १५,३२९,४७७.७५ | १३,६२३,६३७.८६ |
| अन्य सञ्चालन खर्च | ४.२७ | ७,४६८,८२४.९६ | ६,४६६,९०१.६३ |
| ह्रास कट्टि र परिशोधन खर्च | ४.२८ | १,२३०,२७९.७७ | १,२०२,१३१.८७ |
| **संचालन नाफा** | | **२१,१६९,५०१.३१** | **२२,८२३,७२५.२३** |
| गैर संचालन आम्दानी | ४.२९ | - | - |
| गैर संचालन खर्च | ४.३० | - | - |
| **आयकर अघिको नाफा** | | **२१,१६९,५०१.३१** | **२२,८२३,७२५.२३** |
| आयकर खर्च | ४.३१ | **८९२,१४५.२६** | **१,१२३,५४०.०१** |
| चालू कर | | १,०५०,६४४.२१ | १,३३३,९८५.०० |
| स्थगन कर खर्च/(आम्दानी) | | (१५८,४९८.९५) | (२१०,४४४.९९) |
| **यस अवधिको नाफा** | | **२०,२७७,३५६.०५** | **२१,७००,१८५.२२** |
| नाफा बाडफाड: | | | - |
| सहकारी शेयरधनी | | **२०,२७७,३५६.०५** | **२१,७००,१८५.२२** |
| गैर नियन्त्रण स्वार्थ (Non Controlling Interest) | | | - |
| **यस अवधिको नाफा** | | **२०,२७७,३५६.०५** | **२१,७००,१८५.२२** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | | २१.९२ | २४.८४ |
| डाइलूटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | २१.९२ | २४.८४ |

| मनुप सापकोटा<br>आर्थिक विभाग प्रमुख | ठाकुरनाथ अधिकारी<br>प्रमुख कार्यकारी अधिकृत | बद्रि प्रसाद आचार्य<br>ले.सु.स. संयोजक | हाम्रो आजको मितिको<br>संलग्न प्रतिवेदनको आधारमा |
|---|---|---|---|
| रानज कार्की<br>कोषध्यक्ष | नारायण प्र. ढुंगाना<br>सचिव | सरोज सापकोटा<br>अध्यक्ष | सि.ए. प्रकाश के.सी.<br>पी.बी.के.पी. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

P.B.K.P & Associates Kathmandu Nepal Chartered Accountants

डि.स.का.द.नं. २२३/१०२

पान नं. ३०३१२२१५३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

# आर्थिक विकास मित्र
## बचत तथा ऋण सहकारी संस्था लि.
**Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.**

### मिति २०७९ श्रावण १ गते देखि २०८० आषाण ३१ गते सम्म
### अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | अषाण मसान्त २०८० रु | अषाण मसान्त २०७९ रु |
|---|---|---|
| यस वर्षको नाफा | २०,२७७,३५६.०५ | २१,७००,१८५.२२ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | - | - |
| **क) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने** | - | - |
| फेयर भ्यालुमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी बाट भएका नाफा/(नोक्सान) | - | - |
| पुनः मुल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | (५३९,११५.००) | (१०८,३२५.००) |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | २६,९५५.७५ | ५,४१६.२५ |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण नगरिने खुद अन्य विस्तृत आम्दानी** | **(५१२,१५९.२५)** | **(१०२,९०८.७५)** |
| **ख) नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक** | - | - |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | - | - |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | - | - |
| माथि उल्लेख गरिएको बुँदाको आयकर | - | - |
| नाफा/(नोक्सान) पुनः वर्गिकरण | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गिकरण गरिएका वा गर्न लायक अन्य विस्तृत आम्दानी** | - | - |
| **ग) इक्विटी तरिकाबाट लेखाङ्कित सहायक निकायको अन्य विस्तृत आम्दानीको अंश** | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | (५१२,१५९.२५) | (१०२,९०८.७५) |
| **जम्मा विस्तृत आम्दानी** | १९,७६५,१९६.८० | २१,५९७,२७६.४७ |

११ र १४ देखि २२ सम्मका अनुसुचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

| | | | |
|---|---|---|---|
| मनुप सापकोटा<br>आर्थिक विभाग प्रमुख | ठाकुरनाथ अधिकारी<br>प्रमुख कार्यकारी अधिकृत | बद्रि प्रसाद आचार्य<br>ले.सु.स. संयोजक | हाम्रो आजको मितिको<br>संलग्न प्रतिवेदनको आधारमा |
| रानज कार्की<br>कोषध्यक्ष | नारायण प्र. ढुंगाना<br>सचिव | सरोज सापकोटा<br>अध्यक्ष | सि.ए. प्रकाश के.सी.<br>पी.बी.के.पी. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

डि.स.का.द.नं. २२३/१०२

पान नं. ३०३१२२१९३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

# आर्थिक विकास मित्र
## बचत तथा ऋण सहकारी संस्था लि.
### Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

बचत(नाफा नोक्सान) बांडफांड हिसाब

मिति २०८० आषाढ ३१ गते

| विवरण | प्रतिशत | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|---|
| नाफा नोक्सान विवरण बमोजिमको नाफ/(नोक्सान) | | २०,२७७,३५६.०५ | २१,७००,१८५.२२ |
| **बाांडफाांड:** | | - | - |
| **NFRS समायोजन कोष अघिको नाफा/नोक्सान** | | **२०,२७७,३५६.०५** | **२१,७००,१८५.२२** |
| क) व्याज वक्यौता/अघिल्लो व्याज वक्यौता प्राप्ति घट/बढ | | १,१०२,२९३.०० | २३५,०३४.०० |
| ख) स्थगन कर सम्पत्ति घट/बढ | | १५८,४९८.९५ | १५,८९७.०२ |
| ग) बिमाङ्किक कोषको घट/बढ | | ५३९,११५.०० | - |
| घ) मोलतोल खरिदमा नाफाको घट/बढ | | - | - |
| ङ) गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्थामा घट/बढ | | - | - |
| **NFRS समायोजन कोष पछिको नाफा/नोक्सान** | | **१८,४७७,४४९.०९** | **२१,४४९,२५४.२०** |
| क) साधारण जगेडा कोष | २५ | ४,६१९,३६२.२७ | ५,३६२,३१३.५५ |
| **संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | **१३,८५८,०८६.८२** | **१६,०८६,९४०.६५** |
| ख) संरक्षित पुंजी फिर्ता कोष | २५ | ३,४६४,५२१.७० | ४,०२१,७३५.१६ |
| ग) सहकारी प्रवर्द्धन कोष | ०.५ | ६९,२९०.४३ | ८०,४३४.७० |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | **१०,३२४,२७४.६८** | **११,९८४,७७०.७८** |
| क) शेयर लाभांस कोष | ७० | ७,२२६,९९२.२८ | ८,३८९,३३९.५५ |
| ख) घाटा पुर्ती कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| ग) सहकारी शिक्षा कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| घ) सहकारी विकास कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| ङ) सामुदायिक विकास कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| च) सहकारी स्थिरीकरण कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| छ) अन्य जोखिम व्यवस्थापन कोष | ५ | ५१६,२१३.७३ | ५९९,२३८.५४ |
| **बाँडफाँड पछिको नाफा** | | - | - |
| संचित मुनाफा | | - | - |
| **जम्मा** | १०० | २०,२७७,३५६।०५ | २१,७००,१८५।२२ |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२

'बाल युवा वृद्धको साथ, सबैसंग आर्थिक विकास'

**आर्थिक विकास मित्र**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.**

## नगद प्रवाह विवरण

मिति २०७९ श्रावण १ गते देखि २०८० आषण ३१ गते सम्म

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| (क) कारोबार संचालनबाट नगद प्रवाह | ४८,३८२,५५३.६५ | (११०,००७,१००.८८) |
| १. नगद प्राप्ति | १४७,२२९,७८०.८७ | १२१,६८७,९०२.८९ |
| १.१ ब्याज आम्दानी | १३४,६९१,१२३.८७ | १०७,४०१,९४७.२६ |
| १.२ शूल्क तथा कमिशन प्राप्ती | १२,५३८,६५७.०० | १४,२८३,४५५.६३ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | - | - |
| १.४ अपलेखित कर्जाको असुली | - | - |
| १.५ बैंक ब्याज आम्दानी | - | - |
| १.६ अन्य आम्दानी | (0.00) | २,५००.०० |
| जोड : ह्रास कट्टी | - | - |
| २. नगद भुक्तानी | (९५,७०५,८४७.६९) | (७४,३८८,९०९.२४) |
| २.१ ब्याज खर्च | (७५,४८८,४४०.९४) | (५६,५५०,०४३.४६) |
| २.२ कर्मचारी खर्च | (१२,७४८,५८१.७९) | (११,३७१,९६४.१५) |
| २.३ कार्यालय संचालन खर्च | (७,४६८,८२४.९६) | (६,४६६,९०१.६३) |
| २.४ कमिशन तथा शूल्क भुक्तानी | - | - |
| २.५ आयकर भुक्तानी | - | - |
| २.६ अन्य खर्च | - | - |
| कार्यगत पुँजी गतिविधि अघिको नगद प्रवाह | ५१,५२३,९३३.१८ | ४७,२९८,९९३.६५ |
| सन्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि) | (१३,०७७,१६९.५३) | (२८२,०३९,१५४.५४) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| ३. कर्जा तथा बिल्स खरीदमा कमी/(वृद्धि) | (९,६०६,७३४.८०) | (२८१,४४९,६८३.०२) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (३,४७०,४३४.७३) | (५८९,४७१.५२) |
| ५. पाउनुपर्ने हिसावमा कमी/(वृद्धि) | - | - |
| सन्चालन सम्बन्धि चालु दायित्वमा (कमी)/वृद्धि | १०,९८६,४३४.२० | १२६,४९५,२६७.४४ |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | १९,३०४,०८१.०९ | १२८,१११,८७६.८३ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| ३. अल्पकालीन सापटीमा (कमी) /वृद्धि | - | - |
| ४. अन्य दायित्वमा (कमी)/ वृद्धि | (८,३१७,६४६.८९) | (१,६१६,६०९.३९) |
| आयकर अगाडीको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह | | |
| आयकर भुक्तानी | (१,०५०,६४४.२१) | (१,७६२,२०७.४३) |
| (ख) लगानी कारोवारमा नगद प्रवाह | (२०,७८१,६८७.०२) | ७९,८१७,७५६.४५ |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | (२०,१७५,५१०.१७) | ७९,५३७,६०७.६० |
| २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (१,१४७,५६६.९२) | (२०४,०८९.०४) |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | ५४१,३९०.०७ | ४८४,२३७.८९ |
| ५. ऋण लगानीमा कमी/(वृद्धि) | - | - |
| ६. लाभांश आम्दानी | - | - |
| (ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह | (१९,०८३,८५१.७५) | १४,८९७,८००.३७ |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | - |
| २. शेयर पुंजीमा वृद्धि/(कमी) | ५,१३४,१००.०० | २३,५०९,१००.०० |
| ३. ऋण सापटीमा वृद्धि/(कमी) | (१६,१५५,०२९.५२) | (६,९९९.०७) |
| ४. पट्टा दायित्व भुक्तानी | (४९९,९८९.००) | (४६६,६५६.००) |
| ५. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहूलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - | - |
| ६. कोषमा प्राप्ती | ३,०३७,२१४.२८ | - |
| ६. कोषबाट भुक्तानी | (९५७,१००.००) | - |
| ६. लाभांश भुक्तानी | (९,६४३,०४७.५०) | (८,१३७,६४४.५६) |
| (घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट | - | - |
| (ङ) यस वर्षको सम्पुर्ण गतिविधिबाट नगद प्रवाह | ८,५१७,०१४.८८ | (१५,२९१,५४४.०६) |
| (च) वर्षको शुरुको मौज्दात | ७३,५६९,८४९.२२ | ८८,८६१,३९३.२८ |
| (छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ८२,०८६,८६४.१० | ७३,५६९,८४९.२२ |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

जि.स.का.द.नं. ५५३/१०२ पान नं. ३०२१२२१५३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

**आर्थिक विकास मित्र**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.**

**इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण**
**२०७९ श्रावण १ गतेदेखी २०८० आषाण मसान्तसम्मको**

| विवरण | शेयर पुंजी | साधरण जगेडा कोष | NFRS समायोजन कोष | फेयर भ्यालू कोष | संचित मुनाफा | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आषाण १, २०७८ सालको मौज्दात | ६३,८४५,९००.०० | ५३,८८३,९५६.५७ | ५,४०२,०८२.०० | - | ४,४४८,५६४.०५ | १२,७८३,१३६.६६ | १४०,३६३,६३९.२८ |
| यस बर्षको विस्तृत आम्दानी आ.व २०७८/७९ | - | - | | | | | - |
| नाफा | - | - | - | | २१,७००,१८५.२२ | | २१,७००,१८५.२२ |
| आयकर पश्चात्तको अन्य विस्तृत आम्दानी | - | - | - | | | | - |
| फेयर भ्यालूमा मूल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी बाट भएका नाफा/(नोक्सान) | | | | | | | - |
| पुन: मूल्याङ्कन बाट भएका नाफा/(नोक्सान) | | | | | | | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्कित नाफा/(नोक्सान) | | | | | | (१०२,९०८.७५) | (१०२,९०८.७५) |
| हेजिङ्गबाट भएको नगद प्रवाहको नाफा/(नोक्सान) | - | - | - | | | | - |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्तिको रुपान्तरणमा भएको) | - | - | - | | | | - |
| कोष बाँडफाँड | | ५,३६२,३१३.५५ | २५०,९३१.०२ | | (१६,९८२,८७९.८०) | ११,३६९,६३५.२२ | - |
| अन्य दायित्वमा सारिएको | | | | | (४,७०१,४०८.४०) | | (४,७०१,४०८.४०) |
| व्यापार संयोजनबाट थप | | | | | | | - |
| जगेडा कोषमा स्थान्तरण | | ४,३०२,६६९.२६ | | | | - | ४,३०२,६६९.२६ |
| अन्य कोषमा स्थान्तरण | | | | | १,१४०.०१ | (२,५८०,२३४.६८) | (२,५७९,०९४.६७) |
| कोषमा प्राप्ती | | | | | | - | - |
| जम्मा | **७५,६७६,५८९.५३** | **५६,७२१,५६९.३६** |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२

पान नं. ३०३१२२१५३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

**आर्थिक विकास मित्र**
**बचत तथा ऋण सहकारी संस्था लि.**
**Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.**

४.२१ शुल्क तथा कमिशन आय

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| क. शुल्क | १२,४७८,१११.३२ | १४,०९२,०७५.७९ |
| १. कर्जा व्यवस्थापन शुल्क | ७,८२१,०९४.९१ | १०,१०७,१३८.१० |
| २. अन्य सदस्य सेवा शुल्क | ११४,८५५.३१ | ७७८,००६.६९ |
| ३. हर्जाना आम्दानी | ३,९६१,२६१.१० | २,४४४,८८१.०० |
| ४. कर्जा आवेदन फारम शूल्क | ५८०,९००.०० | ७६२,०५०.०० |
| ख. कमिशन | ६०,५४५.६८ | १९१,३७९.८४ |
| १. प्रवेश शुल्कबाट आम्दानी | ५२,९००.०० | ९८,४००.०० |
| २. छुट तथा कमिशनबाट आम्दानी | ७,६४५.६८ | ९२,९७९.८४ |
| ग. अन्य | - | - |
| जम्मा | १२,५३८,६५७.०० | १४,२८३,४५५.६३ |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## ४.२२ शुल्क तथा कमिशन खर्च

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| ए टी एम व्यवस्थापन शुल्क | - | - |
| भिसा मास्टर कार्ड शुल्क | - | - |
| प्रतिबद्धता कमिशन | - | - |
| दलाली खर्च | - | - |
| डिडि/टिटि/स्विफट् शुल्क | - | - |
| विप्रेशष शुल्क र कमिशन | - | - |
| अन्य शुल्क र कमिशन खर्च | - | - |
| जम्मा | - | - |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## ४.२३ खुद व्यापार आय

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| व्यापारिक सम्पत्तिको फेयर भ्यालुमा फेरबदल/परिर्वतन | - | - |
| व्यापारिक सम्पत्तिको निसर्गमा भएको नाफा/(नोक्सान) | - | - |
| व्यापारिक सम्पत्तिमा व्याज आम्दानी | - | - |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | - |
| डिडि/टिटि/स्विफ्ट शुल्क | - | - |
| अन्य | - | - |
| जम्मा | - | - |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२
प्यान नं. ३०३१२२१५३
'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'
आर्थिक विकास मित्र
बचत तथा ऋण सहकारी संस्था लि.
Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

४.२४ अन्य सञ्चालन आम्दानी

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| १. लाभांश आम्दानी | ५४१,३९०.०७ | ४८४,२३७.८९ |
| २. पट्टा परिमार्जनबाट आम्दानी | २९,४२५.३५ | - |
| ३. अन्य | ०.०० | २,५००.०० |
| जम्मा | ५७०,८१५.४२ | ४८६,७३७.८९ |

४.२५ कर्जाको क्षती प्रभार/(विपयर्य) तथा अन्य हानी

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| क) ग्राहकलाई दिने कर्जा तथा सापटीमा व्यवस्था | २८,२८७,३८७.८० | २१,६४६,८३५.०२ |
| ख) वित्तीय लगानीमा व्यवस्था | - | - |
| ग) बैंक तथा वित्तीय संस्थाको मौज्दातमा व्यवस्था | - | - |
| घ) सम्पत्ति र उपकरणमा व्यवस्था | - | - |
| ङ) ख्याती र उपकरणमा व्यवस्था | - | - |
| च) लगानी सम्पत्तिमा व्यवस्था | - | - |
| जम्मा | २८,२८७,३८७.८० | २१,६४६,८३५.०२ |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२

प्यान नं. ३०३१२२१४३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

आर्थिक विकास मित्र
बचत तथा ऋण सहकारी संस्था लि.
Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

४.२६ कर्मचारी खर्च

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| १. तलव तथा भत्ता | १०,६६८,२३७.४० | ८,२७५,९८५.०० |
| २. भत्ता | ५,०००.०० | ३५,१००.०० |
| ३. सञ्चयकोषमा थप | १,५८७,७९४.३९ | २,१८९,४१४.१५ |
| ४. पोशाक | २४७,५५०.०० | २५२,७००.०० |
| ५. बीमा | २४०,०००.०० | १०८,०००.०० |
| ६. कर्मचारी संचित बिदा खर्च | २०४,७७४.०० | ४०२,४४०.०० |
| ७. NFRS अन्तर्गत वित्तीय खर्च | २५९,१७१.८३ | ७७,६२६.१९ |
| जम्मा | १३,२१२,५२७.६२ | ११,३४१,२६५.३४ |
| कर्मचारी बोनस | २,११६,९५०.१३ | २,२८२,३७२.५२ |
| कुल जम्मा | १५,३२९,४७७.७५ | १३,६२३,६३७.८६ |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२ फान नं. ३०३१२२१५३

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

आर्थिक विकास मित्र
बचत तथा ऋण सहकारी संस्था लि.
Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

### ४.२७ अन्य सञ्चालन खर्च

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| सेवा शुल्क | ०.०० | ४५०,०००.०० |
| विद्युत र पानी महशुल | १७२,६९६.८५ | १३७,७८३.९० |
| टेलिफोन तथा इन्टरनेट | ४८८,७४४.७७ | ४३५,४४६.४० |
| विमा खर्च | ३७५,५७०.०० | ५१८,६५६.०० |
| विज्ञापन खर्च | ११,५००.०० | ५७,१७५.०० |
| ढुवानी खर्च | ४९,७१५.०० | १५,८७५.०० |
| छपाइ खर्च | ५०,०५०.०० | २२६,५९८.०० |
| मसलन्द खर्च | ४९७,६९७.०७ | ३८५,१३७.८० |
| सदस्य नविकरण खर्च | ३६,५७४.०० | ९,७८३.०० |
| ईन्धन खर्च | १८३,२५०.०० | २४०,६००.०० |
| एक्च्युरी शुल्क | १९,९४१.१८ | ७१,०००.०० |
| बाह्य लेखापरिक्षण शुल्क | १००,०००.०० | १००,०००.०० |
| आन्तरिक लेखापरिक्षण शुल्क | १५०,०००.०० | २००,०००.०० |
| मर्मत संभार खर्च | २९८,९०१.४९ | १८८,२८७.०० |
| बैठक खर्च | ४५७,०००.०० | ४४५,५००.०० |
| तालिम तथा शिक्षा खर्च | ९१,७९५.०० | ५६५,६७९.७५ |
| आतिथ्यता खर्च | २८६,५६४.९२ | २७१,२३०.०० |
| कर खर्च | ३१,७२७.०० | ५,३५७.०० |
| सामाजिक कार्यक्रम खर्च | २८८,९००.७४ | - |
| प्रोबेशन खर्च | ७५,०००.०० | ६७,५००.०० |
| साधारण सभा खर्च | ३,५९६,५३१.९४ | १,९२०,६२१.७८ |
| नगरपालिका दर्ता खर्च | १६,१००.०० | - |
| सफ्टवेयर नविकरण खर्च | ५६,५००.०० | ५२,२४०.०० |
| अन्य खर्चहरु | १३४,०६५.०० | १०२,४३१.०० |
| **जम्मा** | **७,४६८,८२४.९६** | **६,४६६,९०१.६३** |

मनुप सापकोटा
आर्थिक विभाग प्रमुख

ठाकुरनाथ अधिकारी
प्रमुख कार्यकारी अधिकृत

बद्रि प्रसाद आचार्य
ले.सु.स. संयोजक

हाम्रो आजको मितिको
संलग्न प्रतिवेदनको आधारमा

रानज कार्की
कोषध्यक्ष

नारायण प्र. ढुंगाना
सचिव

सरोज सापकोटा
अध्यक्ष

सि.ए. प्रकाश के.सी.
पी.बी.के.पी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

डि.स.का.द.नं. २२३/१०२
पान नं. ३०३१२२१८३
'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'
आर्थिक विकास मित्र
बचत तथा ऋण सहकारी संस्था लि.
Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

### ४.२८ ह्रासकट्टी र परिशोधन (Depreciation & Amortization)

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| सम्पत्ति तथा सामग्रीमा ह्रासकट्टी | १,२२६,४७४.३८ | १,१९७,०६१.४९ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी | - | - |
| अमूर्त सम्पत्तिको परिशोधन | ३,८०५.३९ | ५,०७०.३८ |
| जम्मा | १,२३०,२७९.७७ | १,२०२,१३१.८७ |

### ४.२९ गैर संचालन आम्दानी

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| घर भाडा आम्दानी | - | - |
| अन्य आम्दानी | - | - |
| जम्मा | - | - |

### ४.३० गैर संचालन खर्च

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| स्थीर सम्पत्ति अपलेखन | - | - |
| रिडन्डेन्सी व्यवस्था | - | - |
| पून:संरचना खर्च | - | - |
| अन्य खर्च | - | - |
| जम्मा | - | - |

| | | | |
|---|---|---|---|
| मनुप सापकोटा<br>आर्थिक विभाग प्रमुख | ठाकुरनाथ अधिकारी<br>प्रमुख कार्यकारी अधिकृत | बद्रि प्रसाद आचार्य<br>ले.सु.स. संयोजक | हाम्रो आजको मितिको<br>संलग्न प्रतिवेदनको आधारमा |
| रानज कार्की<br>कोषध्यक्ष | नारायण प्र. ढुंगाना<br>सचिव | सरोज सापकोटा<br>अध्यक्ष | सि.ए. प्रकाश के.सी.<br>पी.बी.के.पी. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

४.३१ आयकर खर्च

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| **चालु कर खर्च** | **१,०५०,६४४.२१** | **१,३३३,९८५.००** |
| यस वर्ष | १,०५०,६४४.२१ | १,३३३,९८५.०० |
| पछिल्लो वर्षहरुको समायोजन | | - |
| **स्थगन कर खर्च** | **(१५८,४९८.९५)** | **(२१०,४४४.९९)** |
| अल्पकालिन भिन्नताहरुको शुरुवात र रिभर्सल | (२५९,१७४.८२) | (२१५,७४४.००) |
| कर दरमा परिवर्तन | १००,६७५.८६ | ५,२९९.०१ |
| पहिले लेखाङ्कन नगरिएको कर घाटा | | |
| **जम्मा आयकर खर्च** | **८९२,१४५.२६** | **१,१२३,५४०.०१** |

४.३१.१ कर खर्च र लेखाङ्कन नाफाको मिलान

| विवरण | अषाण मसान्त २०८० | अषाण मसान्त २०७९ |
|---|---|---|
| **कर अघिको नाफा** | **२१,१६९,५०१.३१** | **२२,८२३,७२५.२३** |
| कर ५ प्रतिशतको दरले | १,०५८,४७५.०७ | १,१४१,१८६.२६ |
| जोड्ने: करको निम्ति घटाउन नमिल्ने खर्चहरुले करमा पर्ने असर | १०,२३८.७० | - |
| घटाउने: छुट आम्दानीमा करको असर | (२७,०६९.५०) | (२४,२११.८९) |
| जोड्ने/घटाउने : अन्य वस्तुहरुको करमा असर | ८,९९९.९५ | २१७,०१०.६३ |
| घटाउने: करको निम्ति घटाउन नमिल्ने खर्च/आम्दानीहरुको करमा पर्ने असर | - | - |
| घटाउने: अल्या गरिएको नोक्सानीमा करको असर | | - |
| जम्मा आय कर खर्च | १,०५०,६४४.२१ | १,३३३,९८५.०० |
| **प्रभावकारी कर दर** | ४.९६% | ५.८४% |

| | | | |
|---|---|---|---|
| मनुप सापकोटा<br>आर्थिक विभाग प्रमुख | ठाकुरनाथ अधिकारी<br>प्रमुख कार्यकारी अधिकृत | बद्रि प्रसाद आचार्य<br>ले.सु.स. संयोजक | हाम्रो आजको मितिको<br>संलग्न प्रतिवेदनको आधारमा |
| रानज कार्की<br>कोषध्यक्ष | नारायण प्र. ढुंगाना<br>सचिव | सरोज सापकोटा<br>अध्यक्ष | सि.ए. प्रकाश के.सी.<br>पी.बी.के.पी. एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

# वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरू
## २०८० साल आषाढ मसान्तको

### १. सामान्य जानकारी

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका वडा. नं. ४ मा अवस्थित आर्थिक विकास मित्र बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना सहकारी ऐन, २०४८ अनुसार २०६२ साल मंसिर २४ गते दर्ता भई संचालनमा आएको हो । संस्थाका सदस्यहरुलाई मितव्ययिता को भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‍याउने, सदस्यहरुको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनसील र आयमुलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रबर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो । यस संस्थाको प्यान नम्बर ३०३१२२१९३ रहेको छ।

### २. लेखाङ्कनका आधार

### २.१. अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal- ASBN) बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal- ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard-NFRS) भएका व्यवस्था अनुसार पहिलो पटक तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् ।

उक्त वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

### २.१.१. Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् ।

### २.१.२. नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरु को लागि मात्र व्यवस्था गरिएतापनि यस सहकारी संस्थाले वयवाहरिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

क) NFRS 9- वित्तीय उपकरण: पहिचान, लेखाङ्कन तथा मापन (ऋणनोक्सानी व्यवस्था सम्बन्धी)

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा “Expected Credit Loss Model” अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशनको निर्देशन नं २/०७७ बमोजिम आएको ऋणनोक्सानी व्यवस्था वा NFRS 9

को 5.5 बमोजिम आएको ऋणनोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋणनोक्सानी व्यवस्था गरी लेखांकन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभाग द्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋणनोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋणनोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋणनोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

ख) **NFRS 9-** वित्तीय उपकरण- पहिचान तथा मापन (समायोजित ब्याज दर-**Effective Interest rate** सम्बन्धी)
NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋणलगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।
वैकल्पिक व्यवस्था बमोजिम ऋणलगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखांकनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

### २.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति

संस्थाले नेपाली क्यालेण्डर अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०७९ श्रावण १ गते र अन्त्य २०८० असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण २०७९/०४/०७ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित्त सिफारिश गरिएको छ ।

### २.२. वित्तीय विवरणको उत्तरदायित्व

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको आषाढ मसान्त, २०८० मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)
(ख) संस्थाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)
(ग) संस्थाको आर्थिक वर्ष २०७९/८० को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),
(घ) संस्थाको आर्थिक वर्ष २०७९/८० मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा
(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

### २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरु संस्थाको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ । विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका

आधारमा वर्गीकरण गरिएको छ । अंकहरु निकटतम रुपैंयामा परिणत गरी दखाइएको छ । यसले गर्दा हरेका अ्ाहरुको योग प्रस्तुत गरिएको योगफलसँग अलग हुन सक्दछ । यस बाहेक सबै प्रतिशतहरुलाई च्यगलमष्लन याा गरी प्रस्तुत गरिएको छ ।

### २.४. महत्वपूर्ण लेखांकन निर्णय र अनुमान

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

### २.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

### २.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities)

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याँकन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गिकरण गरिएका,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएका,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गिकरण गरिएका

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याँकन र लेखा्ान फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याँकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गिकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

### २.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिन वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ:

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्यांनगर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्यांनगर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

सहकारीको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

### २.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था

सहकारीले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

### २.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

### २.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

**चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ ( संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखांन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

### २.४.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)

सहकारीले कर्मचारी प्रतिको निम्न दुई प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायितव 'Defined Benefit Obligation' को रुपमा पहिचान गरेको छ:

- उपदान बापतको दायित्व
- सञ्चित बिदा बापतको दायित्व

सहकारीले उक्त दायित्वको मूल्याँकन खर्च स्वतन्त्र एकचुअरी (Actuary) बाट गराएको छ । एक्चुरियल मूल्याँकनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु (Assumptions) अवलम्बन गरिएको हुन्छ ।

सहकारीले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको ब्याज दरलाई Discount दरको रुपमा लिएको हुन्छ । उपरोक्त धारणाहरु उपलब्ध भएसम्म मिल्दो जुल्दो सार्वजनिक रुपमा उपलब्ध आधिकारिक तथ्याङ्कहरुलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१३ मा प्रस्तुत गरिएको छ ।

### २.४.८ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरु पर्दछन् ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१८ मा प्रस्तुत गरिएको छ ।

### २.४.९ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

**२.५ लेखा नीतिमा परिवर्तन**

NFRS ले लेखाङ्कनलेब निर्धारण गरेको आवश्यक मानेको सबै सम्पत्ति र दायित्व लेखांकन गर्दै, NFRS ले अवलम्बन गरेको सम्पत्ति र दायित्वकको अपलेखांकन गर्दै र सम्पत्ति र दायितवको लेखांकनमा NFRS को मापन लागू गर्दै सहकारीले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान बमोजि तयार पारेको छ ।

यो वर्षको लेखा नीतिमा कुनै परिर्वतन गरिएको छैन ।

**२.६ जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाािन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरण्को लागि NFRS 9 अनुपालना गरिएको छ ।
NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेको छ ।

**२.७ संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

सहकारीको व्यवस्थापनले सहकारी संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याान गर्दा सहकारी संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ । साथै व्यवस्थापनले सहकारीको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमातामा ह्रास पुर्‍याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछन्नतामा आधारित रहेर वित्तीय विवरणहरु तयार पारिएको छ ।

**२.८ तुलनात्मक जानकारी**

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन् ।

**२.९ वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति अषाढ ३१, २०८० को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 “Events after reporting date” भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**३ प्रमुख लेखा नीतिहरु**

**३.१ मापनको आधार**

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।

- कर्मचारीहरुको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) तथा Long service leave लाई NAS 19 बमोजिम उचित मूल्यका आधारमा मापन गरिएको छ ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

### ३.२ व्यवसाय प्राप्ति र साख

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखांकन गरिएको छ :

उक्त Acquisition Method को लागि:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखांकनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । NFRS 3 को उक्त प्रावधनहरु सहकारीको पहिलो पटक NFRS बमोजिमको वित्तीय विवरण बनाएको मिति पश्चातका व्यवसाय प्राप्ति गर्दा मात्र लागु हुने हुँदा, सहकारीले प्रस्तुत वित्तीय विवरणहरु बनाउनु भन्दा पहिले गरिएका कुनै पनि व्यवसाय प्राप्तिका कारोबारहरुमा भएका कुनै पनि साख वा प्राप्ति गर्दाको लाभलाई मापन तथा लेखांकन गरेको छैन ।

### ३.३ नगद र नगद समान

नगद र नगद समान भन्नाले खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधीमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा प्लेसमेन्टलाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद समान समाबेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

### ३.४ वित्तिय सम्पत्ति तथा दायित्व

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सृजित सम्पत्ति वित्तीय सम्पत्ति अर्न्तगत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋणलगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

### ३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

### ३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन

सबै वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

### ३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

### ३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति
   (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति
(Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्यांकन गरिन्छ तथा यसरी मूल्यांकन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्यांन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

**३.४.४ वित्तीय दायित्वका दायित्वको  वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार

मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्यांकन गरिन्छ तथा यसरी मूल्यांकन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

### ३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखांकन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाांन गरिन्छ ।

### ३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको  पूनरवर्गीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाांन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

### ३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

### ३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ:

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा

सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

### ३.४.६.२ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखार्ांन गरिन्छ ।

### ३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु ( inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्यार्ांबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अन्तर्गत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्यांकको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश ( inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्यार्ांबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्यार्ांन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ ।

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ वित्तीय सम्पत्तिमा हुने  नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरुको उल्लैन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखार्ंन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋर्णको  नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ:

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

**३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था**

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

**३.४.८.४ पूनर संरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था**

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित

ब्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

### ३.४.८.५ NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखांकन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संस्थाले कर्जा लगानीमा रु.६८,२८९,८०३.८० कर्जा नोक्सानी व्यवस्था गरेको छ जुन NFRS 9 को para 63 अनुसार रु. ३१,०३०,८५२.१२ मात्र हुन आउँछ । दुबै व्यवस्था अनुसारको नोक्सानी व्यवस्थाको विवरण यस प्रकार छ ।

| कर्जा नोक्सानी व्यवस्था | ३१ असाढ २०८० | ३२ असाढ २०७९ |
|---|---|---|
| एकिकृत निर्देशनको बुँदा नं २५ बमोजिम | ६८,२८९,८०३.८० | ४०,००२,४१६.०२ |
| NFRS 9 को अनुसुची ६३ बमोजिम | ३१,०३०,८५२.१२ | २०,०६०,८४३.५८ |
| दुवै मध्ये बढी हुने रकम | ६८,२८९,८०३.८० | ४७,४३४,२५६.१८ |
| वित्तीय विवरणमा गरिएको कर्जा जोखिम व्यवस्था | ६८,२८९,८०३.८० | ४०,००२,४१६.०२ |

### ३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखांकन गरिएको छ। कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखांकन गरिएको छ ।

### ३.४.१० Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर

भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ ।

### ३.५ लगानी सम्पत्ति (Investment Properties)

एनएफआरएस १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एनएफआएस ५ ( बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंङ्किङ सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

### ३.६ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – "Property, Plant & Equipment" को व्यवस्था अनुसार आफ्नो स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाांन गर्ने गरेको छ ।

संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

### ३.६.१ पहिचानको आधार

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रु २,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्ति लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

### ३.६.२ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखांकन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखांकन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखांकन गरिन्छ ।

### ३.६.३ लागत मोडल (Cost Model)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "लागत Model" मा लेखांकन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.६.४ पूनरमूल्यांकन Model

संस्थाले अफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनर मूल्यांकन Model अपनाएको छैन ।

### ३.६.५ निसर्ग (Derecognition)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ ।

### ३.६.७ ह्रास कट्टी

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रास कट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रास कट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रास कट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| विधुतिय सामग्री | ५ वर्ष |
| परिवहन साधन | १० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| मेटल एण्ड स्टिल सम्पत्ति | १० वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रास कट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रास कट्टी गरी राखिन्छ । ह्रास कट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रास कट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६ साख तथा अभौतिक सम्पत्ति लेखांकन

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखांकन त्यस बखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढंगले मूल्यांकन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखांकन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडिकै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय

विवरणमा खर्च भनी लेखांकन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिदैन ।

### ३.६.१ अभौतिक सम्पत्ति

अभौतिक सम्पत्तिको लेखांकनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखांकन गर्ने गरेको छः

- लागतको मापन गर्ने सकिने भएको
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखांकन गरिएको छ।

### ३.६.२ कम्प्युटर सफ्टवेयर

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयिकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ।

### ३.६.४ अभौतिक सम्पत्तिको निसर्ग

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.६.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्वति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संस्थाले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक समपत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा रखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

### ३.९ आयकर

संस्थाले आयकर लेखांकन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी बूँदा नं ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी बुँदा नं ४.५ मा प्रस्तुत गरिएको छ ।

**३.९.१ वित्तीय विवरण अवधिको कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**३.९.२ स्थगन कर**

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखांकन गरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखांकन गरिन्छ ।

स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण आर्थिक वर्ष २०७९/८० को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिर्वतित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ ।

**३.१० पट्टा दायित्व**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखांकन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.७ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । NFRS 16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

छुटको सुविधा लिन सकिने पट्टाहरु

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्ट्दारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

**आर.ओ.यू सम्पत्ति**

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखांकन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

**पछिको मापन (Subsequent Measurement)**

**आर.ओ.यू सम्पत्ति**

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन : मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखांकन गर्ने गरिएको छ ।

**पट्टा दायित्व**

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखांकन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्यांकन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुन: निर्धारित रकम

**खर्चको पहिचान र मापन**

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा ब्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२० अन्तर्गत प्रस्तुत गरिएको छ ।

**३.१० सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखांकन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

**३.११ आयको पहिचान**

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाांन गर्ने गरेको छ ।

**३.११.१ ब्याज**

**३.११.१ ब्याज आम्दानी**

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ ।यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व २०७९/८० मा रु ३,९०२,५९० र आ.व २०७८/७९ मा रु ९,२५८,५९८ ब्याज आम्दानीमा लेखाांन गरेको छैन ।

ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४.१९ मा प्रस्तुत गरिएको छ ।

**३.११.२ शुल्क तथा कमिशन आय**

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखांकन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाांन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण बुँदा नं. ४.२१ मा प्रस्तुत गरिएको छ ।

**३.११.३ लाभांस आम्दानी**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांस सो लाभांस प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखांकन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांसलाई श्रोतमा कर कट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखांकन गरिन्छ ।

संस्थाले प्राप्त गरेको लाभांस आम्दानीको विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.४ खुद व्यापारिक आम्दानी**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांस, तथा बजार मूल्यको उतार चढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२३ मा प्रस्तुत गरिएको छ ।

**३.११.५ अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिसन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

यस सम्बन्धी थप विवरण बुँदा नं. ४.२४ मा प्रस्तुत गरिएको छ ।

**३.११.५.१ विदेशी मुद्राका कारोबारबाट हुने नाफा नोक्सानी**

विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वको दिनानुदिन सो विदेशी मुद्राको विनिमयमा भएको परिवर्तनको कारणले हुने नाफा वा नोक्सानीलाई नाफा नोक्सान खातामा प्रस्तुत गर्ने गरिएको छ।

**३.११.५.२ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान)**

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ । यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ ।

**३.१२ ब्याज खर्च**

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखांकन गरिन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ४.३० मा प्रस्तुत गरिएको छ ।

**३.१३ कर्मचारी खर्च**

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखांनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन्:

### ३.१३.१ अल्पकालीन कर्मचारी खर्चहरु

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन्। अल्पकालीन कर्मचारी खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखांकन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

### ३.१३.१.१ कर्मचारी बोनस खर्च

संस्थाले आफ्नो कर्मचारी विनियम बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ । संस्थाले चालु कर दायित्व व्यवस्था अघिको नाफाको १०% का दरले कर्मचारी बोनस व्यवस्था गरेको छ।

यस सम्बन्धी थप जानकारी बुँदा नं. ४.२६ मा प्रस्तुत गरिएको छ ।

### ३.१३.२ रोजगार पछिको सुविधा जस्तै:

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)

अन्य रोजगार पछिको लाभ जस्तै रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा

### ३.१३.२.१ परिभाषित योगदान योजना

NAS 19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखांकन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

### ३.१३.२.२ परिभाषित लाभ योजना

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ ।

**उपदान**

संस्थाको नीति अनुसार नियुक्त भएका कर्मचारीहरुको सेवा अवधिको आधारमा उपदानको निम्ति व्यवस्था गरिन्छ । उपदान अन्तर्गत पुरा दायित्वको हिसाब निर्धारण गर्न प्रत्येक वर्ष विमांकिक मूल्यांकन गरिन्छ ।

संस्थाको परिभाषित लाभ दायित्व गणना गर्नको निम्ति कर्मचारीले वर्तमान तथा पूर्व अवधिको सेवाबाट आर्जन हुने भविष्यको लाभ रकमलाई discount गरी वर्तमान मूल्य निर्धारण गरिन्छ र त्यसमा योजना सम्पत्तिको उचित भ्यालु घटाएर खुद रकम वित्तीय अवस्थाको विवरणमा देखाइन्छ । योजना सम्पत्तिको मूल्य आर्थिक लाभको आजको मूल्य योजनाबाट रिफण्डको रुपमा प्राप्त हुने अथवा भविष्यको योजना योगदानबाट घट्ने रकममा सिमित हुन्छ । आर्थिक लाभको आजको मूल्य निर्धारण गर्न संस्थाको कुनै योजनामा लागू हुने न्युनतम लगानी आवश्यकतालाई विचार गरिन्छ । योजना दायित्वको राफसाफ गर्दा वा योजनाको समयावधिमा लाभ प्राप्त भएमा संस्थालाई आर्थिक लाभ उपलब्ध हुन्छ ।

वार्षिक अवधिको शुरुवातमा हिसाब गरिने परिभाषित लाभ दायित्वको Discount दर लागू गरी संस्थाले निर्धारित लाभ दायित्वको व्याज खर्चको निर्धारण गर्छ । सरकारी ऋणपत्र जसको अवधि परिभाषित लाभ योजनाको अवधि समान हुन्छ त्यसको औषत Yield लाई आधार मानेर Discount दरको निर्धारण गरिन्छ ।

कर्मचारीले सेवा दिए वापत उपदान दायित्वको वृद्धिलाई नाफा नोक्सान विवरणको कर्मचारी खर्च अन्तर्गत खुद व्याज खर्चका साथ देखाइएको छ । संस्थाको दायित्वको हिसाब गर्दा उपदानमा आउने कुल विमांकिक नाफा नोक्सानलाई अन्य विस्तृत आम्दानीमा देखाइएको छ ।

मूल्यांकन गर्दा Demographic assumptions स्वरुप सेवा निवृत्ति उमेर ६० वर्ष वा ३० वर्षको सेवा अवधि, सेवाबाट पूर्व अवधि अवकाश, स्वेच्छिक अवकाश र स्वास्थ्यका कारण अवकाश जस्ता निवृत्तिहरु लिइएका छन् ।

**३.१३.३ अन्य दिर्घाकालिन कर्मचारी सुविधा**

**कर्मचारी बिदा वापतको खर्च**

(क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

सञ्चित हुने, र सञ्चित नहुने ।

ग) संस्थाले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ:

सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा, सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा ।

(घ) घर बिदा बढिमा ९० दिन र बिरामी बिदा बढिमा १२० दिन प्रत्येक शिर्षकमा सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । कुल बढिमा सञ्चित गर्न सकिने दिनको अवधिभन्दा बढि सञ्चित भएको विदा वापतको रकमलाई प्रत्येक वर्षको वैशाख महिनामा नगदमा भुक्तानी गरिन्छ । प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संस्थाले Actuarial Valuation गरेको छ ।

**३.१४ पट्टा**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाान NFRS 16–Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखांकन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखांकन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२० अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

**३.१५ विदेशी विनिमय कारोबार**

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैंयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने

विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैँयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.१६. शेयर पूँजी र जगेडा कोषहरु

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संस्थाले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

### ३.१७.१. कोषहरु

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, कर्मचारी बोनस तथा कल्याणकारी कोष, घाटापुर्ति कोष, NFRS समायोजन कोष, विमांकिक कोष, विशेष उपचार कोष, विपत व्यवस्थापन कोष, कर्मचारी कल्याणकारी कोष पर्दछन् ।

### ३.१७.१.१ NFRS समायोजन कोष

संस्थाले NFRS बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्यांकनमा देखिने भिन्नतालाई यस **NFRS** समायोजन कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत व्याज मुल्तवीबाट जनाईएको व्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

### ३.१७.१.२ साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडाफाँड पछिको रकमको कम्तिमा २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिईएकोछ ।

### ३.१७.१.२ संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट ल्ँच्क समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ । संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

### ३.१७.१.३ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ । सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७०

अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१५ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ ।

**३.१७.१.४ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरु: सामुदायिक विकास कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ तर संस्थाले NFRS खुद मुनाफाबाट NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड पछिको रकमको ५ प्रतिशत प्रत्येक माथि उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ ।

**३.१७.१.५ विमाङ्किक कोष**

NAS-19 Employee Benefit अन्तर्गत परिभाषित कर्मचारी दायित्व मापनमा एक्च्युरियल धारणा (Actuarial Assumption) मा भएको परिर्वतनको कारणले हुने फरकलाई यस शिर्षकमा समायोजन गरिन्छ । यो कुनै जगेडा कोष हैन । यस शिर्षकको रकममा हुने परिर्वतनलाई अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत गरी यस शिर्षकमा समायोजन गरिन्छ ।

**३.१७.१.६ अन्य कोष**

संस्थाको विनियम अनुसार संस्थाले सदस्य कल्याणकारी कोष नामक स्वतन्त्र कोष खडा गरेको छ जसको उपयूग सदस्यको राहत र सहयोगको लागि प्रयोग गरिन्छ ।

**३.१८ प्रति शेयर आम्दानी**

संस्थाले आृनो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्यांकलाई प्रस्तुत गर्छ । आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ तर संस्थाले भारित औसत शेयरधनीको संख्यको सट्टा आर्थिक वर्षको अन्त्यमा रहेको शेयरधनीको संख्यको प्रयोग गरेको छ । Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ ।

**३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था**

संस्थाले आृना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीक्षण गर्ने गरेको छ । उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ । नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ । यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ ।

**३.१९ नगद प्रवाह विवरण**

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement या Cash Flows को Direct method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रित गरेको हुन्छ ।

प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ:

- सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
- लगानीबाट भएको नगद प्रवाह
- वित्तीय कारोबारबाट भएको नगद प्रवाह

**३.२० प्रस्तावित लाभांश**

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखांकन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

**३.२१. तुलनात्मक रकम**

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुन:वर्गीकरण गरिएका छन् ।

**३.२२. अन्तरिम वित्तिय रिपोर्टिङ**

वित्तिय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ तर संस्थाले अन्तरिम रिपोर्टहरुका तथ्यांकहरुलाई NFRS अनुसार लेखांकन गरी प्रस्तुत गर्ने गरेको छैन ।

**५. प्रकटीकरण तथा थप जानकारी**

**५.१ वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य**

**५.१.१ बजार मूल्य मापनको श्रेणीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

**श्रेणी १**

यस श्रेणीमा बजार मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन विना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त संख्या तथा मात्रामा असम्बन्धित व्यक्ति बीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको बजार मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी २**

यस श्रेणीमा बजार मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:
सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचिकृत बजार मूल्य
- वित्तीय उपकरणहरुको बजार मूल्यको मापन गर्दा सो को मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको बजार मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा, सहकारीले सो को बजार मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्यांकनपद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको बजार मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरि मूल्य निर्धारण गर्ने

गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई बजार मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी ३**

बजार मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्यांकनपद्धतिबाट आएको मूल्यलाई बजार मूल्यको रुपमा लिने गरिन्छ । मूल्यांकनपद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value / Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

**५.१.१.२ बजार मूल्यमा लेखांकन गरिएका वित्तीय उपकरण**

सहकारीले निम्न बमोजिमका वित्तीय उपकरण बजार मूल्यमा लेखांकन र प्रस्तुत गर्ने गरेको छः
अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएका लगानी

अन्य विस्तृत नाफा नोक्सान खातामा समायोजन हुने प्रकृतिका ईक्विटीमा भएको लगानी यदि स्वतन्त्र सक्रिय बजारमा सो वित्तीय उपकरणको सूचीकृत मूल्य उपलब्ध भएसम्म सो मूल्यमा अन्यथा श्रेणी ३ अनुसार उपलब्ध हुने तथ्याङ्कका आधारमा गरिन्छ ।

संलग्न वित्तीय विवरणमा प्रस्तुत गरिएको वित्तीय उपकरणको बजार मूल्य तथा सो को निर्धारणको लागि छनौट गरिएको श्रेणीहरु निम्न प्रकार रहेका छन्:

| विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त | श्रेणी |
|---|---|---|---|
| **इक्विटी उपकरणहरु** | | | |
| सुचिकृत शेयर | – | – | श्रेणी १ |
| सुचिकृत नगरिएको शेयर | ३,०१२,२०० | ३,०१२,२०० | श्रेणी ३ |
| **कूल लगानी** | **३,०१२,२००** | **३,०१२,२००** | |

**५.२ सम्बन्धित पक्षहरुको विवरण**

यदि एउटा पक्षले अर्को पक्षलाई नियन्त्रण गर्न सक्ने वा अर्को पक्षको वित्तीय वा संचालन सम्बन्धि निर्णयहरुलाई प्रभाव पार्न सक्ने भएमा ती पक्षहरु सम्बन्धित मानिन्छन् । सम्बन्धित पक्षहरुमा सहायक कम्पनीहरु, सम्बद्ध कम्पनीहरु, संस्थाका मुख्य शेयरधारकहरु, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकहरु र उनीहरुका नजिकका पारिवारिक सदस्यहरु पर्दछन् । संस्थाले जसरी दुई असम्बन्धित पक्षहरु भएको खण्डमा कारोवार गर्दछ, त्यसरी नै आफ्नो सम्बन्धित पक्षहरुहरुसँग त्यस्तै शर्तहरुमा कारोवार गर्दछ ।

**५.२.१ संस्थाका संचालकहरु र मुख्य व्यवस्थापकहरु**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 “Related Party Disclosures” अनुसार संस्थाको गतिविधिहरु सम्बन्धि योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण उच्च व्यवस्थापन तहका कर्मचारीहरुलाई संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण व्यक्तिहरुको रुपमा पहिचान गरेको छ ।

आषाढ मसान्त २०८० मा संस्थाको संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृत निम्न उल्लेखित व्यक्तिहरु हुन् :

- सरोज सापकोटा : अध्यक्ष
- सत्यवती भट्टराई सापकोटा : उपाध्यक्ष
- बाबुकाजी पराजुली : उपाध्यक्ष
- नारायण प्रसाद ढुंगाना : सचिव
- राजन कार्कि : कोषाध्यक्ष
- अप्सरा ढुंगाना सिपखान : सदस्य
- शुसिला नेपाल सापकोटा : सदस्य
- निरन्जन अधिकारी : सदस्य
- दामोदर दुलाल : सदस्य
- सविना पराजुली दाहाल : सदस्य
- बालकृष्ण सापकोटा : सदस्य
- राम प्रसाद कोईराला : सदस्य
- बैकुण्ठ प्रसाद न्यौपाने : सदस्य
- रामेश्वर सापकोटा : सदस्य
- विष्णु प्रसाद पराजुली : सदस्य
- कमला दनुवार : सदस्य
- ठाकुरनाथ अधिकारी प्रमुख कार्यकारी अधिकृत

**क) संचालक समितिका सदस्यहरुको भत्ता तथा सुविधाहरु**

संचालक समितिका सबै सदस्यहरु गैर कार्यकारी संचालक हुन् । आ.व. २०७९/८० मा गैर कार्यकारी संचालकहरुलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :
संचालक समितिले बैठक भत्ता प्रति बैठक प्रति व्यक्ति रु.२०००।-लिने गरेको र यस बर्ष जम्मा रु. ३७८,०००।-
यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन् ।

**ख) संचालक समितिका सदस्यहरुलाई प्रदान गरिएको कर्जा**

- राजन कार्की, कोषाध्यक्ष, ऋण लगानी रु. ५,००,०००।- कर्जा बाँकी रु. ५,००,०००।-
- निरन्जन अधिकारी, सदस्य, ऋण लगानी रु. ५,००,०००।- कर्जा बाँकी रु. ३,६७,५२१।-

**ग) संस्थाका मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरु**

आ.व. २०७९/८० मा मुख्य व्यवस्थापकहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन् :

| तलब तथा सुविधाको प्रकृति | कुल रकम रु | कैफियत |
|---|---|---|
| अल्पकालिन सुविधा | १,१२५,६२९ | व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता (व्यवस्थापन तहमा सहायक प्रवन्धक तह र सो भन्दा माथिका कर्मचारीहरु पर्दछन् । |
| सेवा अवधि पश्चातको सुविधा | १४०,२३२ | |
| अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु | १,२००० | बिमा |
| अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु | ७०,११९ | बिरामी बिदा र वार्षिक बिदा |
| अवकाश सुविधा | ० | योग्यता पुगेका व्यवस्थापन तहका कर्मचारीहरुलाई उपदान सुविधा |

**अन्य जानकारी:**

क) संस्थाको कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली अनुसार प्राप्त गर्ने सुविधाहरु ।

ख) बोनस ऐन अनुसार प्राप्त गर्ने बोनस ।

**हाल मुख्य व्यवस्थापनमा निम्न पदाधिकारीहरु समावेश हुनुहुन्छ ।**

१) ठाकुरनाथ अधिकारी — प्रमुख कार्यकारी अधिकृत

२) रघुनाथ पराजुली — ऋण विभाग प्रमुख

३) मनुप सापकोटा — आर्थिक प्रशासन प्रमुख

**५.३ मर्जर तथा एक्विजिसन**

सहकारीले आर्थिक वर्ष २०७९/८० मा कुनै मर्जर तथा एक्विजिसन गरेको छैन ।

**५.४ रिपोर्टिङ अवधि पछिका घटनाहरु**

रिपोर्टिङ अवधि र वित्तीय विवरण जारी गरिने मितिको बीचमा घटेका अनुकुल वा प्रतिकुल घटनाहरुलाई रिपोर्टिङ अवधि पछिका घटनाहरु भनिन्छ ।

रिपोर्टिङ अवधि पछिका घटनाहरुको लेखांकन र रिपोर्टिङको लागि NAS-10 “Events after the Reporting Period” को पालना गरिन्छ ।

**रिपोर्टिङ अवधि पछिका समायोजन हुने घटनाहरु**

रिपोर्टिङ अवधि पछि समायोजन गर्नुपर्ने घटनाहरु कुनै रहेको छैन ।

**रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटनाहरु**

आ.व. २०७९/८० को लागि चुक्ता पूँजीको ११.७५ प्रतिशत नगद लाभांश श्रावण ०७, २०७९ मा बसेको संचालक समितिको बैठकले प्रस्ताव गरेको छ । नगद लाभांश संचित मुनाफाबाट बाँडिने छ ।

संस्थाले माथि उल्लेख गरिएको प्रस्तावित नगद लाभांश लाई NAS 10 “Event After the Reporting Period” अनुसार रिपोर्टिङ अवधि पछिका समायोजन नहुने घटना मानेको हुनाले आ.व. २०७९/८० को वित्तीय विवरणमा उक्त घटनाहरुलाई समायोजन गरेको छैन । शेयरधनीहरुद्वारा साधरण सभामा लाभांशको प्रस्ताव पारित भए पश्चात् संस्थाले उक्त लाभांशको समायोजन तथा लेखांकन गर्नेछ ।

### ५.५ भारित औसत व्याजदरको अन्तर

| विवरण | दर |
|---|---|
| ऋण तथा सापटीमा भारित औषत व्याज दर | १५.६० |
| निक्षेप तथा ऋणमा भारित औषत व्याज दर | ११.१४ |
| खुद भारित औषत व्याज दर अन्तर | ४.४६ |

## ५.६. पर्ल्स (PEARLS) RATIO

| | सूचाङक | | अनुपात | | २०७९ आषाढ | २०७८ आषाढ |
|---|---|---|---|---|---|---|
| **P= Protection:( सूरक्षण)** | | | | | | |
| P1 | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १०० | १४,७८२,७३५।६७ | १७,५२९,१४३।०० | ८४% | ०% |
| P2 | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५ | १९,१२६,२५१।३८ | ६४,७९८,९०८।१० | ३०% | ०% |
| P2X | असल ऋणको लगि व्यवस्था | १ | ६,०९३,४२८।९७ | ७२२,५४९,५३४।७४ | १% | ०% |
| **E=Effective Financial structure:( प्रभावकारी वित्तीय संरचना)** | | | | | | |
| E1 | खुद लगानीमा रहेको ऋण/कूल सम्पत्ति | ७०-८० | ७७०,१२३,८०३।२५ | ८९६,५५६,९२४।०० | ८६% | ६५% |
| E5 | निक्षेप तथा बचत/कूल सम्पत्ति | ७०-८० | ६१८,००२,६७१।४९ | ८९६,५५६,९२४।०० | ६९% | ६६% |
| E6 | बाह्य ऋण / कूल सम्पत्ति | ५ भन्दा कम | ८७,४९३,०००।९३ | ८९६,५५६,९२४।०० | १०% | १२% |
| E7 | शेयर पूँजी/कूल सम्पत्ति | १०-२० | ८७,३५५,०००।०० | ८९६,५५६,९२४।०० | १०% | ९% |
| E9 | खुद संस्थागत पुँजी/कूल सम्पत्ति | कम्तिमा १० | ६४,१४८,१७७।९२ | ८९६,५५६,९२४।०० | ७% | ५% |
| **A= Assets Quality:( सम्पत्तिको गूणस्तर)** | | | | | | |
| A1 | भाखा नोघेको ऋण / लगानीमा रहेको ऋण रकम | ५ भन्दा कम | ८२,३२८,०५१।१० | ८०४,८७७,५८६।०० | १०.२३% | १७.५५ % |
| A2 | कूल आय आर्जन नगर्नेसम्पत्ति / कूल सम्पत्तिको अनुपात | ५ भन्दा कम | २५,४२७,७४३.४५ | ८९६,५५६,९२४।०० | ३% | ३% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| A3 | खुद लागत रहित कोष / आय आर्जन नगर्ने सम्पत्ति | कम्तिमा २०० | १०२,१५३,२८६।६५ | २५,४२७,७४३।४५ | ४०२% | ४४९% |
| **R=Rate of Return:(लगानीमा प्रतिफल)** | | | | | | |
| R1 | खुद व्याज आम्दानी/औषत ऋण रकम | व्याज दर | १०७,७१४,६०७४ ५ | ६४०,१०४,८६२।२५ | १६.८३% | १४.५४ % |
| R5 | व्याज खर्च / औषत निक्षेप तथा बचत | बजार दर | ५६,७२१,५६९।३६ | ५५३,९४६,७३३।०८ | १०% | ८% |
| R8 | कूल आम्दानी / औषत कूल सम्पत्ति | E8 बराबर | १२२,४८४,८००।९७ | ८१४,०८८,७६४।४२ | १५.०५% | १२.५९% |
| R9 | संचालन खर्च / औषत कुल सम्पत्ति | ५ प्रतिशत | २१,२९२,६७१।३६ | ८१४,०८८,७६४।४२ | २.६२% | १.९६% |
| R12 | खुद आय/ औषत सम्पत्ति | कम्तिमा १० | २१,७००,१८५।२२ | ८१४,०८८,७६४।४२ | २.६७% | ३.०६% |
| **L=Liquidity:( तरलता)** | | | | | | |
| **L1** | तरल लगानीतरल सम्पत्ति□तुरुन्त भुक्तानी दिनु पर्ने रकम/ कूल निक्षेप | कम्तिमा १५ | ५८,९७४,८९७७४ | ६१८,००२,६७१।४९ | १०% | १२% |
| L2 | तरल सम्पत्ति र कूल निक्षेप तथा बचत र बाह्य ऋण | १०- २० | ७३,५६९,८४९।०८ | ६१८,००२,६७१।४९ | १२% | १८% |
| L3 | हातमा रहेको नगद र नकमाउने तरल सम्पीत्त | १ भन्दा कम | ६,९१९,१७३।६० | ८९६,५५६,९२४।०० | ०.७७% | ०.६६% |
| **S= Sign Of Growth:(बृद्धि)** | | | | | | |
| S10 | सदस्यता बृद्धि | १२ भन्दा बढि | २२०२ | ११७६७ | १९% | १०% |
| S11 | सम्पत्तिमा बृद्धि | मूद्रास्फितिद र भन्दा बढि (५.४% आ.व ०७८/७९ | १६४,९३६,३१९।१४ | ७३१,६२०,६०४।८५ | २३% | ३६% |

डि.स.का.द.नं. २२३/१०२

'बाल युवा प्रौढको साथ, सबैसंग आर्थिक विकास'

नेफ्स्कून

# आर्थिक विकास मित्र

बचत तथा ऋण सहकारी संस्था लि.

Aarthik Bikash Mitra Saving & Credit Co-operative Society Ltd.

# भावपूर्ण समवेदना

यस संस्थाका शेयर सदस्यहरूको विभिन्न समयमा भएको असामयिक स्वर्गारोहण प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै, यस संस्थाका शेयर सदस्यहरूको परिवारजनमा पर्न गएको असामयिक निधनप्रति **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

## आर्थिक विकास मित्र साकोस परिवार

पाँचखाल-४, काभ्रेपलाञ्चोक

स्थापित: २०६१

फोन नं.: ०११-४९९०८१

## सल्लाहकार

ईश्वरीराज कुमार मैनाली - ९८४१३२०४१५
दामोदर अधिकारी - ९८४९०२९२५५
रामशरण लुईटेल - ९८४१४३०१५६
धुब प्रसाद ढुंगाना - ९८४१२२०४४९
बासुदेव हुमागाई - ९८५१०२५२०३
बद्रिनाथ लुईटेल - ९८५१११५५८३
रामशरण दाहाल - ९८५१२०४१७७
सत्यनारायण सापकोटा - ९८४१२३७६१०
ज्ञान बहादुर भुजेल - ९८५११६१५७२

## महिला विकास उप-समिति

संयोजक: सुशिला नेपाल - ९८४९८१८१०१
सदस्य : सिता बानियाँ - ९८४१९८९८९६
सदस्य : शोभा ढुंगाना - ९८४१००४३००

## कृषि उप-समिति

संयोजक: राम प्रसाद कोइराला - ९८५१०९१२०४
सदस्य : राजाराम मिश्र - ९८४०५४८६०१
सदस्य : विमला लामिछाने - ९८४३५३००२३

## सुचना तथा प्रविधि उप-समिति

संयोजक: निरञ्जन अधिकारी - ९८४१८०१५३३
सदस्य : सुलोचन ढुंगाना - ९८६०६५५०४१
सदस्य : रमेश प्रसाद न्यौपाने - ९८४१४१०१६२

## प्रोवेशन कार्यदल

संयोजक : सत्यवती भट्टराई सापकोटा - ९८६०६३४९१०
सदस्य : राजन कार्की - ९८४१२७४५९५
सदस्य : बैकुण्ठ प्रसाद न्यौपाने - ९८४१४३९००५
सदस्य : ठाकुरनाथ अधिकारी - ९८५११४३९७४
सदस्य : रघुनाथ पराजुली - ९८४१२५८२६०

## बनेपा सेवा केन्द्र संयोजक

विष्णुप्रसाद पराजुली - ९८४१७१९१६८

## कुन्ता सेवा केन्द्र संयोजक

रामप्रसाद कोइराला - ९८५१०९१२०४

## स्वास्थ्य उप-समिति

संयोजक : दामोदर दुलाल - ९८५१०८६
सदस्य : बेला लामा - ९८४१५६०३४
सदस्य : राजाराम मिश्र - ९८४०५४८

## सहकारी शिक्षा उप-समिति

संयोजक : बाबुकाजी पराजुली - ९८४१४
सदस्य : श्याम पौडेल - ९८४१७२५९६
सदस्य : केदारनाथ घिमिरे -

## व्यवसाय प्रवर्द्धन उप-समिति

संयोजक: अप्सरा ढुंगाना शिपखान - ९८४११९
सदस्य : प्रभा दुलाल श्रेष्ठ - ९८४१२५०७८२
सदस्य : लक्कुराम तामाङ - ९८६५१३५३९६

## ऋण उप-समिति

संयोजक : राजन कार्की - ९८४१२७४५
सदस्य : कमला दनुवार - ९८४१९४४
सदस्य : शिव अधिकारी - ९८४१४८०

# नोट